विमानस्थलको सुरक्षा व्यवस्थामा व्यापक हेरफेर.... पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ९० • २०८० साल भाद्र १ गते शुक्रबार (18 August, Friday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

## कोशी-मरिन डाइभर्सनले मधेश समृद्ध हुने : अर्थमन्त्री डा. महत

**संजयकुमार यादव**

जनकपुरधाम । अर्थमन्त्री डा. प्रकाशशरण महतले कोशी-मरिन डाइभर्सनले मधेश समृद्ध हुने दावी गरेका छन् । उनले कोशी-मरिन डाइभर्सनले मधेशमा सिँचाइ र खानेपानीको समस्या समाधान हुने बताए । उनले भने-' मधेशमा खेती योग्य जग्गा रहेपनि सिँचाइको अभावका कारण यस पटक खडेरी पर्ने सम्भावना थियो, तर बैकल्पिक सिँचाइका माध्ययमले किसानहरु रोपाइ गर्न सफल भए, कोशी मरिन डाइभर्सनबाट १२ महिना पानीको समस्या हुँदैन् ।

नेपाली कांग्रेस मधेश प्रदेश कार्यालय जनकपुरधाममा प्रेस युनियनले आयोजना गरेको पत्रकार सम्मेलनमा अर्थमन्त्री महतले नेकपा (एमाले)ले अनावश्यकरुपमा बखेडा झिकेर संसद् अवरुद्ध गरेको बताए । उनले जनताका प्रतिनिधिको थलो संसद् अवरुद्ध गरिनु कुनै पनि हालतमा तर्कसङ्गत हुन नसक्ने धारणा राखे ।

नेपाली कांग्रेसका प्रवक्ता डा महतले प्रतिपक्ष दलले सरकारलाई बाटो देखाउन र सिर्जनात्मक कामका लागि विरोध गर्ने अधिकार राख्ने भए पनि नेपाली जनताको आवाज प्रतिनिधित्व गर्ने थलो संसद् लाई गतिहीन बनाउने अधिकार कसैलाई नभएको जिकिर गरे । मन्त्री डा महतले संसद्मा गतिरोध उत्पन्न गरिएका कारण संसद्मा लैजानका लागि तयार गरिएका विभिन्न विधेयकलाई पनि संसद्मा लैजान नसकिएको र कैयौँ महत्वपूर्ण विषयवस्तु र कानुन निर्माणका विषयमा छलफल गर्न नसकिएको बताए ।

मन्त्री महतले आर्थिक स्रोत पर्याप्तमात्रामा उपलब्ध हुन नसकेको र मुलुकको वर्तमान आर्थिक अवस्थाका कारण मधेससहितका लक्षित भूगोल र क्षेत्रका लागि पर्याप्तमात्रामा बजेट विनियोजन गर्न नसकिएको जानकारी दिए । उनले भने-' आर्थिक स्रोतको पर्याप्तताको अभावमा यसपाली सबैका लागि चित्तबुझ्दो बजेट ल्याउन सकिएन, यसलाई कुनै क्षेत्र या भूगोलका मानिसले विभेदका रुपमा लिनु हुँदैन, यो मेरो आग्रह पनि हो ।'

### प्रचण्ड र उपेन्द्रबीच दुरी बढ्दै

# सरकार फेर बदलको सम्भावना बढ्दै

**टुडे समाचारदाता**

काठमाण्डु । केही दिन यता माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल र जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादबबीच दुरी बढ्दै गएको छ । गौर घटनालाई लिएर सरकारले छानबिन गर्ने भएपछि जसपाका अध्यक्ष यादव र प्रधानमन्त्री दाहाल बीच दुरी बढ्दै गएको छ । गौर घटनाका पीडितसँग सरकारले पाँच बुँदे सम्झौता गरेपछि सो घटनामा मुछिएका जसपाका अध्यक्ष उपेन्द्र यादवसहित अन्य नेताहरु कारबाहीमा पर्ने सम्भावना देखिएको छ ।

जसका कारण साउन २९ गते प्रधानमन्त्री निवास बालुवाटारमा सत्ता गठबन्धनको बैठक बस्ने भएपछि प्रधानमन्त्रीको सचिवालयबाट जसपाका अध्यक्ष यादवलाई बैठकका लागि खबर गरिएको थियो । तर आफू मधेशमा भएको कारण देखाउँदै अध्यक्ष यादवले आफ्नो पार्टीका वरिष्ठ नेता राजेन्द्र श्रेष्ठ र प्रवक्ता मनिष सुमनलाई बैठकमा पठाएका थिए । साउन २९ गतेको बैठकमा अनुपस्थित अध्यक्ष यादवलाई साउन ३१ गते बस्ने बैठकमा पनि बोलाइएको थियो । त्यो बैठकमा पनि उनले वरिष्ठ नेता श्रेष्ठ र प्रवक्ता सुमनलाई नै पठाएका थिए ।

यी दुई वटा बैठकमा सत्ता गठबन्धन दल माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री दाहाल, कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, लोसपाका अध्यक्ष महन्थ ठाकुरको उपस्थिति थियो तर जसपाका अध्यक्ष यादव आफैं उपस्थित नभएर आफ्ना पार्टीका अन्य नेताहरुलाई पठाएका थिए ।

बुधबार बालुवाटारमा बसेको गठबन्धनको बैठकमा सहभागी हुन नचाहेका जसपाका अध्यक्ष यादव भारतको ७७ औं गणतन्त्र दिवसको उपलक्ष्यमा प्रेम लस्सकरी अध्यक्ष रहेको नेपाल-भारत मैत्री समाजले आयोजना गरेको कार्यक्रममा सहभागी हुन भने जनकपुरधामबाट काठमाण्डु पुगेका थिए । सोल्टी होटलमा आयोजित



सो कार्यक्रममा भारतीय राजदूत नवीन श्रीवास्तवसहित नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, लोसपाका अध्यक्ष महन्थ ठाकुर, जनमत पार्टीका अध्यक्ष डा. सीके राउतलगायतको उपस्थिति थियो ।

यसले माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री दाहाल र जसपाका अध्यक्ष यादवबीच दुरी बढेको प्रस्ट देखिन्छ । प्रचण्ड नेतृत्वको सरकारलाई समर्थनमात्र होइन, सरकारमै सहभागी भए पनि गौर घटना छानबिनको प्रक्रिया अगाडि बढाउने निर्णयपछि अध्यक्ष यादवले प्रधानमन्त्री प्रचण्डसँग बोलचालसमेत बन्द गरेका छन् । गृह मन्त्रालयले गौर हत्याकाण्ड पीडित संघर्ष समितिसँग साउन २३ गते सम्झौता गरेको थियो । सम्झौता भएकै भोलिपल्ट जसपाका अध्यक्ष यादव कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेलाई लिएर प्रधानमन्त्री प्रचण्डलाई भेट्न बालुवाटार पुगेका थिए ।

गौर घटनाको सम्बन्धमा भएको सम्झौताको बारेमा तीनै जना नेताले प्रधानमन्त्री प्रचण्डलाई प्रश्न गरेका थिए । त्यसका जवाफमा प्रचण्डले छानबिन होस्, त्यसपछि सल्लाह गरौँला भन्ने जवाफ दिएका थिए ।

स्रोतका अनुसार चित्त बुझ्दो जवाफ प्रधानमन्त्री प्रचण्डबाट नआएपछि जसपाका अध्यक्ष यादव असन्तुष्ट भएर बालुवाटारबाट बाहिरिएका थिए । त्यसपछि साउन २५ गते पनि अध्यक्ष यादवले प्रधानमन्त्री प्रचण्डसँग भेट्न चाहेका थिए । तर समय अभावका कारण भेट्न पाएका थिएनन् ।

त्यही दिन पार्टीमा उपलब्ध कार्यकारिणी समितिको बैठक बोलाएर गौर घटनाको बारेमा उनले छलफल गरेका थिए । जसपामाथि ठूलो षड्यन्त्र भएको भन्दै सरकार र पीडित पक्षका बीचमा भएको सम्झौतालाई स्वीकार नगर्ने निर्णय बैठकले गरेको थियो । त्यसको भोलिपल्ट जसपाले पत्रकार सम्मेलन गरेर गौर घटनाको बारेमा उच्चस्तरीय छानबिन समिति गठनको माग गरेको थियो । तर त्यो पत्रकार सम्मेलनमा अध्यक्ष उपेन्द्र यादव आफैं उपस्थित भएनन् ।

त्यसपछि जसपाका अध्यक्ष उपेन्द्र यादव मधेश झरे । जसपा बारा जिल्लाको विस्तारित बैठकमा सहभागी भएपछि मधेशमै केही समय रहने गरी विभिन्न कार्यक्रम बनाएर उनी जनकपुरधाममा बस्न थाले । यता, काठमाण्डुमा बसेको गठबन्धनको बैठकमा उपेन्द्र यादवको खोजी हुन थाल्यो । तर गौर घटनालाई लिएर असन्तुष्ट रहेका उनी प्रधानमन्त्री प्रचण्डसँग दुरी बनाउन थाले । संसदीय राजनीतिमा आएदेखि सानोतिनो खटपट बाहेक दुवै जनाको बीचमा राम्रो दोस्ती थियो तर यसपटक जसपाका अध्यक्ष उपेन्द्र यादवले दाहालसँग चित्त दुखाएका छन् ।

गठबन्धनको बैठकमा मात्र होइन, प्रचण्डसँग फोन संवाद, भेटघाटसमेत उनले बन्द गरेका छन् । जसपाका एक नेताले भने, 'हाम्रो अध्यक्षज्यूले बालुवाटार जाने इच्छा नै देखाउनु भएका छैन, बैठक वा छलफलका लागि खबर आयो भने पार्टीका अन्य नेतालाई पठाउनु हुन्छ ।'

जसपाका अध्यक्ष यादवको निष्कर्ष माओवादी नेतृत्वको सरकारले षड्यन्त्रपूर्वक जसपालाई फसाउने काम गरेको भन्ने नै छ । १७ वर्ष पुरानो राजनीतिक घटनालाई यतिबेला उठाइएकोमा पनि उनी सशंकित छन् । सरकार र गौर घटनाका पीडितबिच भएको सम्झौता 'षड्यन्त्रपूर्वक' आएको भन्दै उनले यसमा माओवादी केन्द्रकै मुख्य भूमिका रहेको उनको बुझाइ छ ।

अध्यक्ष यदाव र प्रधानमन्त्री दाहाल बीच बढेको दुरीको फाइदा भने कांग्रेसले उठाउन चाहेका छन् । कांग्रेसका नेताहरु दाहाल नेतृत्वको सरकारलाई ढालेर आफ्नै नेतृत्वमा सरकार बनाउने योजना बनाइ रहेका छन् । कांग्रेसका पूर्व उपसभापति बिमलेन्द्र निधिले २०८४ मा शेरवहादुर देउवा नेतृत्वको सरकारले आम निर्वाचन गराउने बताएका छन् ।

त्यस्तै नेता शेखर कोइरालाले समेत नेकपा एमालेका अध्यक्ष केपी ओली संग कुराकानी गर्नुपर्ने धारणा सार्वजनिक गरेका छन् । कांग्रेसले जसपा र माओवादी केन्द्र बीच बढेको दुरीलाई सदुपयोग गरेर आफ्नै नेतृत्वमा सरकार बनाउने योजना बनाइ रहेको स्रोतको दावी छ । केपी ओली संग यस बिषयमा गोप्य रुपमा कुराकानी समेत भएको स्रोतको दावी छ । नेकपा एमालेले माओवादी केन्द्रलाई छाडेर सरकार बनाउन सुझाएका छन् ।

## आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

**हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौँ ।**

**लक्षणहरु**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



**रोकथामका उपायहरु**

**भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौँ ।**

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

**भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।**

**सोनमा गाउँपालिका**
**सोनमा, महोत्तरी, मधेश प्रदेश, नेपाल**



# सिटी स्क्यान सर्भिस सेन्टर सञ्चालन

**टुडे समाचारदाता**

वीरगञ्ज। वीरगञ्ज महानगरपालिका - ८ पानीट्याङ्कीमा प्रभु सिटी स्क्यान सर्भिस सेन्टर सञ्चालनमा आएको छ। डा. निरञ्जन साह, डा. डम्बर साह र डा. मनोज कुमारले संयुक्त रूपमा सिटी स्क्यान सर्भिस सेन्टर सञ्चालनमा ल्याएका छन्। वीरगञ्जको बसपार्क क्षेत्र तथा लिंक रोड, पानीट्याङ्की, घण्टाघर आसपासका क्षेत्रमा कतै पनि सिटी स्क्यान सेवा नहुँदा बिरामीहरूलाई पायक पर्ने गरी पानीट्याङ्की रोडमै सिटी स्क्यान सेवा सुचारु गरिएको सञ्चालक डा. डम्बर साहले बताए।

एक दशकभन्दा लामो समयदेखिको अनुभव बटुलेका रेडियोलोजिस्टसमेत रहेका डा. साहका अनुसार करिब ४ करोडको लगानीमा सिटी स्क्यान सेवा सुचारु गरिएको छ। प्रभु सिटी स्क्यान सर्भिस सेन्टरको वीरगञ्ज महानगरपालिका वडा नम्बर ४ का वडाध्यक्ष जगत साह कानु, वडा नम्बर ८ का वडाध्यक्ष रितेश गुप्ता लगायतले संयुक्त रूपमा उद्घाटन गरेका छन्।



वडाका बिरामीहरूलाई सिटी स्क्यानका लागि टाढा जानुपर्ने बाध्यता अन्त्य भएको वडा नम्बर ८ का वडाध्यक्ष गुप्ताले बताए।। वीरगञ्ज महानगरपालिका वडा नम्बर ४ का वडाध्यक्ष साह कानुले वीरगञ्जमै अत्याधुनिक सेवा तथा सुविधासहितका स्वास्थ्य संस्थाहरू खुल्नु खुशीको कुरा भएको बताए। स्वास्थ्यको क्षेत्रमा नजिकको तीर्थ हेला भने जस्तै बाहिरकोलाई विश्वास गर्ने र आफ्नै गाउँ, ठाउँमा भएका स्वास्थ्य संस्थाप्रति विश्वास नगर्ने प्रकृतिप्रति आपत्ति जनाउँदै उनले नजिकको स्वास्थ्य संस्थामा चेकजाँच गराएर समय र पैसाको बचत गर्न आग्रह गरेका छन्। सिटी स्क्यान सर्भिस सेन्टरमा होल बडी सिटी स्क्यान, कन्ट्रास्ट एन्जियोग्राफी, सिटी गाईडेड सम्पूर्ण सेवा उपलब्ध हुने डाक्टर निरञ्जन साहले जानकारी दिए।

सिटी स्क्यान सेन्टरमा विभिन्न रोगहरू पत्ता लगाउने अत्याधुनिक प्रविधि सहितको उपकरण जडान गरिएको र एफएनएसी/बायोप्सीका लागि समेत सेवा सुविधा उपलब्ध हुने डाक्टर साहको भनाए छ। निकट भविष्यमै थ्रि डी, फोर डी अल्ट्रासाउण्ड लगायतका सेवा बिस्तार गर्ने योजना रहेको सञ्चालक डा. मनोज कुमारले बताए।

कार्यक्रममा महानगरपालिकामा वडा नम्बर - १२ की वडा सदस्य अनिता क्षेत्री, समाजसेवी शम्भु गुप्ता, नेता नेजामुद्दीन समानी, वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. लक्ष्मी थापा, प्रभु बैङ्क मधेस प्रदेशका प्रमुख भूषण गुप्ता, वीरगञ्जको लिङ्क रोडस्थित प्रभु बैङ्कका शाखा प्रबन्धक अमन बोगटी, सामुदायिक सेवा केन्द्र मिना बजारका अध्यक्ष वासुदेव सहनी, कोषाध्यक्ष प्रवेश सर्राफ, युवा अभियन्ता दिलीपराज कार्कीलगायतको उपस्थिति रहेको थियो।

# दोरम्बा घटनाका पीडित अझै न्यायबाट वञ्चित

**टुडे समाचारदाता**

काठमाण्डु। रामेछापको दोरम्बामा राज्य र माओवादीबीच युद्धविराम भएको बेलामा तत्कालीन शाही नेपाली सेनाले २०६० साउन ३२ गते २१ जनाको वीभत्स हत्या गरेको २० वर्ष बितिसकेको छ।

घटना भएको दिन माओवादीहरूले एकजना सर्वसाधारणको घरमा बैठक गरिरहेका थिए र सेनाले त्यहाँ पुगेर घेराबन्दी गरेको थियो। सेनाले सर्वसाधारण सहित २१ जनालाई नियन्त्रणमा लिएर पंक्तिबद्ध गराई गोली हानेर हत्या गरेको थियो। दोरम्बा घटना सशस्त्र द्वन्द्वको समयमा पक्राउ परेका र नियन्त्रणमा लिइएका मानिसलाई संरक्षणको प्रत्याभूति गर्ने अन्तर्राष्ट्रिय मानवीय कानूनको जघन्य उल्लंघन भएको र यो युद्धअपराधको हदसम्म पुग्ने घटना भएको मानवअधिकारवादीहरुको भनाइ छ।



विगत २० वर्षदेखि दोरम्बा घटनाका पीडितहरू सत्य, न्याय तथा परिपूरणको प्रतीक्षा गरिरहेका छन् तर राज्यले उनीहरूको मागलाई बेवास्ता गर्दै आएको छ। गैरकानूनी हत्या गरिएका मृतकहरूको स्मरणका लागि पीडितहरूको अर्धकदको प्रतिमा निर्माण गरेको छ। तर उनीहरूलाई न्याय दिनका लागि राज्यले कुनै पहल गरेको छैन।

बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ को संशोधन गर्न लागि पेश गरिएको विधेयक हाल संसद्मा विचाराधीन छ। तर उक्त विधेयकमा भएका कतिपय त्रुटिपूर्ण प्रावधानले दोरम्बा घटनाका पीडित द्वन्द्वपीडितहरूलाई न्यायबाट वञ्चित गर्ने स्थिति छ।

हालै संयुक्त राष्ट्रसंघका तीनजना विशेष प्रतिवेदक र एक कार्यसमूहले संशोधन विधेयकमा रहेका कतिपय प्रावधानहरू द्वन्द्वको समयमा गरिएका मानवअधिकार उल्लंघनको अनुसन्धान गर्ने नेपालको दायित्वको प्रतिकूल रहेको बताएका छन्।

विधेयकमा गरिएको गम्भीर मानवअधिकार उल्लंघनको वर्गीकरण समस्याग्रस्त रहेको किनकि विधेयकले गरेको "गम्भीर मानवअधिकार उल्लंघन" को परिभाषामा युद्धअपराध र मानवताविरुद्धको अपराधको हदसम्म पुग्ने कार्यलाई समावेश नगरेको र त्यस्ता घटनालाई सत्यनिरूपण तथा मेलमिलाप आयोगले छानबिन नगर्ने वा तिनलाई विशेष अदालतले अभियोजन नगर्ने स्थिति रहेको भनी विशेष प्रतिवेदकहरूले टिप्पणी गरेका छन्। विधेयकले गम्भीर अपराधको वर्गमा युद्धअपराधलाई नसमेटेकाले दोरम्बा घटनासहित सशस्त्र द्वन्द्वमा भएका घटनामा पीडकको दण्डहीनता सुनिश्चित छ।

सर्वोच्च अदालतको आदेश तथा नेपालको अन्तर्राष्ट्रिय दायित्वअनुकूल हुने गरी विधेयक संशोधन गर्न तथा यस कानुनलाई पीडितमैत्री बनाउन एड्भोकेसी फोरम-नेपाल सरकारसमक्ष माग गरेको छ।

# कक्षा ११ को पढाइ सञ्चालन हुने

**ओम प्रकाश यादव**

गरुडा। रौतहटको कृष्ण माध्यमिक विद्यालय बाल्चनपुरमा पहिलो पटक माध्यमिक तह कक्षा ११ को पढाइ संचालन हुने भएको छ। चन्द्रपुर नगरपालिका-१० बाल्चनपुर स्थित रहेको कृष्ण माध्यमिक विद्यालयले कक्षा ११ को पढाई संचालनका लागि अनुमती प्राप्त गरेपछि यसै शैक्षिक शत्रदेखि पढाइ संचालन हुने भएको छ।



बिहीबार विद्यालयको प्रांगनमा आयोजित कार्यक्रमकाबीच चन्द्रपुर नगरपालिकाकी उपमेयर जयमाला देवी चौधरीले कक्षा ११ को उद्घाटन गरेकी छन्। उपमेयर चौधरीले उद्घाटन गरेसंगै यसै शैक्षिक शत्रदेखि कृष्ण मावि बाल्चनपुरमा कक्षा ११ को पढाइ सञ्चालन हुने भएको छ।

०४९ सालमा माध्यमिक तह कक्षा ९-१० संचालन गरेको उक्त विद्यालयलाई नगरपालिकाले कक्षा ११ को पढाई संचालन गर्न अनुमती प्रदान गरेको छ। माध्यमिक तहसम्मको विद्यालय संचालन तथा अनुमती स्थानीय सरकारको क्षेत्राधिकार भित्र पर्ने हुदाँ चन्द्रपुर नगरपालिकाको कार्यालयले उक्त कृष्ण माविलाई कक्षा ११ को पढाइ संचालन गर्न अनुमती प्रदान गरेको छ। चालु शैक्षिक शत्रबाट कक्षा ११ को पढाइ संचालन हुने भएपछि त्यस क्षेत्रका अभिभावक, विद्यार्थी खुशी भएका छन्।

यसअघि नजिकमा कक्षा ११, १२ को पढाई हुने विद्यालय नहुँदा त्याका विद्यार्थीहरुलाई कक्षा ११, १२ पढ्न चन्द्रनिगाहपुर लगाएतका ठाउँमा जानुपर्ने बाध्याता थियो। तर, अब बाल्चनपुरमै कक्षा ११ को पढाई हुने भएपछि चन्द्रनिगाहपुर धाउनुपर्ने विद्यार्थीहरुको बाध्यता अन्त्य भएको शिक्षक उपेन्द्र मिश्रले बताए।

कृष्ण माध्यमिक विद्यालय बाल्चनपुर एसइइ परीक्षामा तीन पटक विद्यार्थीहरुलाई सबैभन्दा बढी अंक दिलाई जिल्लामै उत्कृष्ट भएको विद्यालय हो। कृष्ण माध्यमिक विद्यालय बाल्चनपुरले ०७२, ०७३ र ०७८ सालमा एसइइमा सबैभन्दा बढी अंक प्राप्त गरी विद्यार्थीहरुलाई उत्तिर्ण गराएर जिल्लामै प्रथम स्थान हासिल गरेको छ।

# 'कानुन बमोजिम सुरक्षित गर्भपतन गर्न पाउने अधिकार रहेको छ'

**टुडे समाचारदाता**

जनकपुरधाम। प्रजनन् स्वास्थ्यसहित सुरक्षित गर्भपतन अधिकार महिलाको संविधान प्रदत्त मौलिक हक भए पनि त्यसको व्यवहारिक पक्ष फितलो रहेको सरोकारवालाको कथन छ।




कृपा नामक संस्थाले मधेश सरकारको समन्वयमा बिहीबार जनकपुरधाममा आयोजना गरेको सुरक्षित गर्भपतन सेवाको उपलब्धि चुनौती र समाधानका उपाय विषयक अन्तरक्रिया कार्यक्रममा मधेश प्रदेशको प्रदेश स्वास्थ्य सेवा ऐन ०७८ मा पनि प्रत्येक नागरिकलाई प्रचलित कानुन बमोजिम सुरक्षित गर्भपतन गर्न पाउने अधिकार रहेको छ, कार्यक्रममा सहभागी डा. महेश पुरीले सन् २०१५ मा कृपाले गरेको सर्वे अनुसार नेपालमा ५८ प्रतिशतले अझै पनि नेपाल सरकारबाट मान्यता प्राप्त नभएको संस्थामा गर्भपतन गराउने गरेको देखिएको छ।

कार्यक्रममा डा. उद्धव पुरीले मधेश प्रदेशमा १२ हप्ताभन्दा तलका १६६ र १२ हप्ताभन्दा माथिका पाँच वटा मात्रै गर्भपतन सेवा प्रदान गर्ने सूचिकृत संस्था रहेको बताएका छन्। अहिले पनि मधेश प्रदेशमा चेतनाको अभाव रहेका कारण असुरक्षित गर्भपतन गराउनेको संख्या बढी भएको उनले बताए। कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मधेश प्रदेशका प्रवक्ता डा. मुक्तिनारायण साहले असुरक्षित गर्भपतनको कारण छोरीको जनसंख्यामा विस्तारै कमी हुँदै गएको बताए। आउँदो सात वर्षपछि केटाको बिहेवारिमासमेत समस्या आउनेसमेत उनले बताए।

# घट्यो मकै उत्पादन

**टुडे समाचारदात**

मलंगवा। खडेरीका कारण यो वर्ष मकै उत्पादन घट्दा सर्लाहीको उत्तरी भेगका किसान चिन्तित बनेका छन्। मकैलाई पानी आवश्यक पर्ने जेठ र असार महिना पूरै खडेरी लाग्दा मकै उत्पादनमा व्यापक कमी आएको छ।

उत्तरी भेगका किसानले अहिले धमाधम पाकेको मकै भित्र्याइरहेका छन्। यहाँको ईश्वरपुर, लालबन्दी, हरिवन र बागमती नगरपालिकाको चुरे भेगमा आकाशे वर्षाको भरमा सँठिया मकै रोप्ने गरिएको छ। खडेरीले मकैमा पुड्का र थोते घोगा लागेका छन्।

चुरे भेगको मुख्य बाली नै मकै हो। ईश्वरपुर नगरपालिका-१२ कालिञ्जोरका किसान धनबहादुर भुजेलले यो वर्ष खडेरीका कारण मकै बालीबाट लागतसमेत नउठेको गुनासो गरेका छन्।१० बोरा मकै फल्ने बारीमा यो वर्ष दुई बोरा मकै पनि नआएको उनले बताएका छन्। "खडेरीले मकैको बोट नै सुकेको थियो, धन्न असारतिर आएर परेको एक झर पानीले जसोतसो बोट जोगियो," भुजेलले भने,"लामो खडेरी खेप्नुपरेकाले मकैमा घोगा लाग्नै पाएन, लागेको घोगा पनि पुड्का र थोते भए।"



मकै उत्पादन राम्रो हुने उत्तरी भेगका अधिकांश किसानले मकै बेचेरै धान खरिद गर्ने गर्छन् तर यो वर्ष मकै नै नफलेका कारण किसान मारमा परेका छन्।

लालबन्दी नगरपालिका-१५ तीनतलेका किसान वीरसिंह घिसिङले मकै उत्पादन राम्रो नहुँदा खाद्यान्नकै अभाव हुने चिन्ता रहेको गुनासो गरेका छन्। "खडेरीले मकै फल्दै फलेन, हाम्रो त मुख्य खाद्यान्न बाली नै यही हो, यो साल के खाने होला भन्ने चिन्ता छ," उनले भने। लालबन्दी नगरपालिकाको कृषि शाखाका प्रमुख गोकर्ण पौडेलले यस वर्ष मकै खेती गर्ने किसान खडेरी र फौजी किरा दुबैबाट अत्यन्त प्रभावित भएको बताएका छन्।

# स्वास्तिक ट्रेड एण्ड कन्सर्न सञ्चालनमा




**रञ्जन यादव**

कलैया। बाराको जीतपुरमा टिभिएस मोटरसाइकलको आधिकारीक विक्रेताका रुपमा स्वास्तिक ट्रेड एण्ड कन्सर्न सञ्चालनमा आएको छ। युवा व्यवसायी किरण पुरीले टिभिएस मोटरसाइकल तथा स्कुटरको आधिकारीक विक्रेताका रुपमा स्वस्तिक ट्रेड एण्ड कन्सर्न सञ्चालनमा ल्याएको छ।

जीतपुरसिमरा उपमहानगरपालिकाको जीतपुरमा टिभिएस मोटरसाइकलको सो रुम नहुँदा वीरगञ्ज,कलैया जानुपर्ने बाध्यता थियो।उनले जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रमा टिभिएसको मोटरसाइकल र स्कुटरको राम्रो माग भएको बताए।

बिहीबार सञ्चालक पुरीको सभापतित्वमा आयोजित कार्यक्रममा जीतपुर सिमरा नगर उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्मा लामिछानेले व्यवसायलाई अगाडि बढाउनका लागि ग्राहकसंग गरिने व्यवहार नै महत्वपूर्ण हुने बताए। उनले ग्राहकसंगको सम्बन्धलाई व्यवहारले अझै प्रगाढ बनाउन पनि आग्रह गरे।

# बैंकको शाखाद्वारा भत्ता वितरण

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको लालबन्दीस्थित कुमारी बैंकको शाखाले बुधबार अशक्त, अपाङ्गता भएका व्यक्ति र वृद्धवृद्धालाई घरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ।

यो बैंकले लालबन्दी नगरपालिकाको वडा नं. १७ का लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरणको जिम्मा पाएको छ।



सोही अनुरुप बैंकमै आएर भत्ता बुझ्न असहज हुने अशक्त, अपाङ्ग र वृद्धवद्धालाई घरघरमै पुगेर गत आर्थिक वर्ष ०७९/०८० को चौंथो त्रैमासिक अर्थात् वैशाख, जेठ र असार महिनाको सामाजिक सुरक्षा भत्ता वितरण गरिएको बैंकका शाखा प्रवन्धक खिलनारायण श्रेष्ठले जानकारी दिए।

श्रेष्ठकै नेतृत्वमा बैंकका कर्मचारीले घरमै पुगेर भत्ता वितरण गरेका हुन्। शाखा प्रवन्धक श्रेष्ठले बुधबार १८ जना अशक्त, अपाङ्ग र वृद्धवृद्धालाई सामाजिक सुरक्षा भत्ता बापत ३ महिनामा प्राप्त गर्ने रकम प्रदान गरिएको बताए।

यो बैंकले यसअघिको त्रैमासिकमा पनि बैंकमा आउन नसक्ने अवस्थाका व्यक्तिलाई घरमै कर्मचारी पठाएर सामाजिक सुरक्षा भत्ता वितरण गरेको थियो। गएको वर्ष माघ ४ गते स्थापना भएको बैंकको यस शाखाले यहाँका नागरिकलाई बैंकिङ सुविधा प्रदान गरिरहेको छ।

**घर तथा सटर भाडाको लागि खाली**

मिल्स एरिया शुभ चौक देखि जानकी मन्दिर जाने बाटोमा नयाँ फ्लैट पहिलो तल्लाको ठुलो कोठा-२, भन्सा घर-१, बाथरुम -२, पुजा कोठा-१, गेष्ट रुम-१, आधुनिक सुविधायुक्त भाडाको लागि घर खाली रहेकोले इच्छुक व्यक्ति निम्न नं. मा सम्पर्क गर्न अनुरोध छ।

**सम्पर्क नं.** ९८१७६८५५११

**नोट**:- शाकाहारीलाई विशेष ग्राहायता दिनेछ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख। |
| बृष | : पुरस्कार प्राप्त लाभ। |
| मिथुन | : प्रेम प्रसंग, मित्र सुख। |
| कर्कट | : नयाँ कार्य हुने। |
| सिंह | : अवसर प्राप्त। |
| कन्या | : शिक्षामा उन्नति। |
| तुला | : सुख समृद्धि हुने। |
| वृश्चिक | : धन बृद्धि सञ्चय। |
| धनु | : भ्रमण अवसर हुने। |
| मकर | : बौद्धिक क्षमता। |
| कुम्भ | : वाद विवादबाट बच्नु। |
| मीन | : प्रतिभा सम्पन्नता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## वीरगञ्जलाई थप सुरक्षित बनाउन 'ए आइ' जडान

पर्सा । देशकै अतिसंवेदनशील जिल्लाको सूचीमा रहेको सीमावर्ती पर्साको सदरमुकाम वीरगञ्जलाई थप सुरक्षित बनाउन अत्याधुनिक विद्युतीय सुरक्षा प्रणाली जडान गरिएको छ ।

वीरगञ्जमा हुने सवारी दुर्घटनादेखि विभिन्न अपराधमा संलग्न रहेका व्यक्तिको पहिचान गर्न 'अटोमेटिक नम्बर प्लेट रिकोनाइजेशन सिस्टम'( एएनपिआर) जडान गरिएको हो । वीरगञ्ज महानगरपालिकाको रु २७ लाखको लागतमा जडान गरिएको एएनपिआर प्रणालीको बुधबार महानगरपालिकाका प्रमुख राजेशमान सिंहले उद्घाटन गर्नुभयो ।

उहाँले जडान गरिएको अत्याधुनिक प्रविधिले वीरगञ्जको ट्राफिक व्यवस्थापनसँगै अपराध नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले वीरगञ्जवासीको जिउधनको सुरक्षाका लागि वीरगञ्जका केही स्थानमा हाल जडान गरिएको एएनपिआर प्रणालीका क्यामरालाई चाँडै नगरभरि विस्तार गर्दै लैजाने जानकारी दिनुभयो ।

वीरगञ्जको परवानीपुर, गण्डकलगायत नगरका विभन्नि चोकमा जडान गरिएको अत्याधुनिक क्यामेरा र एएनपिआर प्रणालीले वीरगञ्ज सहरलाई थप सुरक्षित बनाउन मद्दत पुग्ने प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले जानकारी दिनुभयो । उहाँले सवारी दुर्घटनमा संलग्न सवार ीसाधनको पहिचान मात्र नभई नेपाल सरकारले खोजी सूचीमा राखेका व्यक्तिकोसमेत कुनैपनि बेला पहिचान गरी अपराध नियन्त्रणमा महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गर्नुभयो ।

उक्त प्रणालीले उज्यालोमा मात्र नभई रातिको अँध्यारोमा समेत बाहनको नम्बर प्लेट, रङको पहिचान गर्नुका साथै खोजी सूचीमा रहेका व्यक्तिले मास्क वा अन्य जुनसुकै वस्तु लगाए पनि पहिचान गरी तत्कालै जानकारी दिनसक्ने प्रहरीले जनाएको छ । रासस

# लम्पी स्किन विरुद्धको खोप स्वदेशमै उत्पादन गर्ने तयारी

काठमाण्डु । मुलुकभर पशुचौपायामा महामारीका रूपमा फैलिएको लम्पी स्किन रोगविरुद्धको खोप नेपालमै उत्पादन गर्ने प्रक्रियाको थालनी गरिएको छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले मुलुकमै उक्त खोप उत्पादन गर्न आवश्यक 'मास्टर सिड भाइरस' र खोप उत्पादन प्रविधि उपलब्धताका लागि विभिन्न मुलुक तथा दातृ निकायसँग समन्वय गरिरहेको जनाएको छ । यसका लागि प्रस्तावको मस्यौदा तयार गरी विभागबाट मन्त्रालयमा पेश गरिएको छ ।

कृषिमन्त्री डा वेदुराम भुसालले हालैको आफ्नो भारत भ्रमणका क्रममा भारतीय समकक्षी तथा अन्य सरोकारवाला निकायसँग भएको समन्वयमा स्वदेशमै लम्पी स्किन रोगविरुद्धको खोप उत्पादन गर्न आवश्यक 'मास्टर सिड भाइरस' निःशुल्क उपलब्ध गराउन समन्वय भएको जानकारी गराउनुभयो ।

प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आजको बैठकमा उहाँले भन्नुभयो, "यसका लागि निरन्तर पहल भइरहेको छ, आगामी दिनमा पनि लिम्पी स्किन रोगको सङ्क्रमण फैलिन नदिन मुलुकभित्रै आवश्यक मात्रामा खोप उत्पादन गर्ने तयारीमा लागेका छौं ।"

लम्पी स्किन रोगको हालको प्रकोप नियन्त्रणका लागि नेपाल कृषि अनुसन्धान परिषद्लगायत अन्य क्षेत्रका विज्ञ प्राविधिकसमेतको उपस्थितिमा यस रोग नियन्त्रणका लागि लम्पी स्किन (निसिङ स्ट्रेन) खोपको अतिरिक्त 'गोट पक्स' खोप आयात र प्रयोग गर्न सहमति दिइएको छ ।

"राष्ट्रव्यापी रूपमा बृहत् खोप कार्यक्रम सञ्चालन गर्न लम्पी स्किन रोगविरुद्धको खोप निःशुल्क उपलब्ध गराउन छिमेकी राष्ट्र भारत र चीनसँग समन्वय गरिएको छ", मन्त्री डा भुसालले भन्नुभयो । हाल जोर्डन, तान्जानियाँ र टर्कीबाट विभिन्न पैठारीकर्ताहरूले यसको खोप आपूर्ति गरिरहेका छन् ।



खोप आयातका लागि पशु सेवा विभागमा आवेदन प्राप्त हुनासाथ तत्काल पैठारीका लागि अनुमति दिने प्रक्रियालाई सुचारू गराइएको छ ।

**लम्पी स्किन रोगको प्रकोपको अवस्था**

नेपालमा पहिलो पटक यो रोग २०७७ साल असारमा मोरङको सुन्दरहरैचामा गाईमा देखिएको थियो । यो रोगको सङ्क्रमण गाई/भैंसी/गोरु/राँगो, बाच्छाबाच्छी/पाडापाडीमा देखिएको छ ।

नेपालमा ७७ वटै जिल्लामा सङ्क्रमण पुष्टि भएकोमा हाल मनाङ र मुस्ताङमा यो रोग पूर्णरूपमा नियन्त्रणमा आइसकेको छ । यस रोगबाट कर्णाली, सुदूरपश्चिम, लुम्बिनी र कोशी प्रदेशका मध्य पहाडी तथा पहाडी क्षेत्रमा रहेका पशुहरू बढी प्रभावित भएकामा प्रदेशहरूबाट प्राप्त पछिल्लो जानकारीअनुसार यो रोग पहाडी जिल्लाहरूमा क्रमशः घट्दो क्रममा रहेको र मधेश तथा बागमती प्रदेशका केही जिल्लाहरूमा यो रोगको सङ्क्रमण देखा परिरहेको छ ।

हालसम्म यस रोगबाट सङ्क्रमित पशुको सङ्ख्या १३ लाख पाँच हजार तीन सय ६१ रहेको छ भने उपचारपश्चात निको भएको पशु सङ्ख्या १० लाख ८२ हजार एक सय ५९ रहेको छ । हाल सक्रिय सङ्क्रमित पशु सङ्ख्या एक लाख ७५ हजार पाँच सय ५३ रहेको मन्त्रालयको तथ्याङ्क छ ।

यसैगरी प्रदेशहरूबाट प्राप्त तथ्याङ्कका आधारमा यो रोगका कारण हालसम्म ४७ हजार छ सय ४९ पशु मरेका छन् । हालसम्म आयात भएको खोपको मात्रा १३ लाख ६९ हजार डोज रहेको र हालसम्म छ लाख ८६ हजार चार सय ५० पशुमा खोप लगाइसकिएको मन्त्री डा भुसालले समितिमा जानकारी गराउनुभयो । नेपालमा हाल पशुचौपायाको सङ्ख्या करिब एक करोड २० लाख रहेको र यो रोगको नियन्त्रणका त्यसको ५० प्रतिशत सङ्ख्या अर्थात ६० लाख पशुलाई खोप लगाउनुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो ।

यो रोग नियन्त्रणका लागि पशु सेवा विभागमा लम्पी स्किन रोग नियन्त्रण कक्ष स्थापना गरी परिचालन गरिएको, सहसचिवको नेतृत्वमा प्रदेश र स्थानीय तहका सरोकारवालाहरूसँग समन्वय गर्न सातै प्रदेशमा टोली परिचालन गरिएको मन्त्रालयले जनाएको छ ।

लामखुट्टे, झिँगा, किर्नालगायतका टोक्ने किराले यो रोग सार्ने हुँदा गोठ सफा राख्न, गोठ वरिपरिका पानीका खाल्डाखुल्डी पुर्न र गोठ निःसङ्क्रमण गर्न पशु धनीहरूलाई अनुरोध गरिएको छ । प्रभावित किसानहरूलाई राहत प्रदान गर्नेसम्बन्धी मापदण्डको मस्यौदा पशु सेवा विभागबाट तयार गरी पेश मन्त्रालयमा छलफलको क्रममा रहेको छ ।

समितिका ज्येष्ठ सदस्य नवलकिशोर साह सुडीको अध्यक्षमा बसेको बैठकमा सांसदहरू अब्दुल खाँन, अमृतलाल राजवंशी, डा आरजु राणा, वीरबहादुर बलायर, सूर्यप्रसाद ढकाल, सरस्वती सुब्बा, रूपा विक, विमला सुवेदी, मीना तामाङ, बिजुला रायमाझी र अम्मरबहादुर थापाले लम्पी स्किन रोग नियन्त्रणका लागि तत्काल प्रभावकारी कदम चाल्न र प्रभावित किसानलाई राहतको व्यवस्था गर्न मन्त्रीको ध्यानाकर्षण गराउनुभएको थियो ।

**सुदूरपश्चिम र कर्णाली बढी प्रभावित**

लम्पी स्किन रोगबाट सुदूरपश्चिम र कर्णाली प्रदेश बढी प्रभावित देखिएका छन् । सुदूरपश्चिम प्रदेशमा यस रोगबाट हालसम्म तीन लाख २५ हजार सात सय ९९ पशु सङ्क्रमित भएका र त्यसमध्ये १३ हजार सात सय ८३ पशु मरेका छन् । यसैगरी कर्णाली प्रदेशमा हालसम्म दुई लाख २५ हजार ७५ पशु सङ्क्रमित भएका र त्यसमध्ये १० हजार दुई सय ४९ पशु मरेका छन् ।

यस रोगबाट सबैभन्दा कम मधेस प्रदेशमा ६८ हजार चार सय १६ पशु सङ्क्रमित भएका र दुई हजार २५ पशु मरेका छन् । यसपछि गण्डकी प्रदेशमा ६९ हजार आठ सय ४१ पशु सङ्क्रमित भएका र त्यसमध्ये तीन हजार दुई सय ४७ पशु मरेका छन् ।

यसैगरी कोशी प्रदेशमा हालसम्म दुई लाख ३७ हजार चार सय २१ पशु सङ्क्रमित भएका र त्यसमध्ये छ हजार छ सय ८६ पशु मरेका छन् । बागमती प्रदेशमा एक लाख ९६ हजार आठ सय ७४ पशु सङ्क्रमित भएका र त्यसमध्ये छ हजार १३ पशु मरेका छन् । लुम्बिनी प्रदेशमा हालसम्म एक लाख ८१ हजार नौ सय ३५ पशु सङ्क्रमित भएका र त्यसमध्ये पाँच हजार छ सय ४६ पशु मरेका मन्त्रालयको तथ्याङ्क छ । रासस

## भारी वर्षाको सम्भावना

काठमाण्डु । मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा उत्तरतिर (नेपाल नजिक) अवस्थित रहेकाले केही दिन वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका मौसमविद् गङ्गा नगरकोटीका अनुसार अहिले कोशी प्रदेशको तराई र मधेस प्रदेशमा मौसम सफा छ भने बाँकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रहेको छ । कोशी र गण्डकी प्रदेशका पहाडी भूभाग तथा लुम्बिनी र कर्णाली प्रदेशका एक/दुई स्थानमा हल्का वर्षा भइरहेको छ । यस्तै लुम्बिनी प्रदेशमा मेघगर्जन/चट्याङ्गसहित हल्का वर्षा भइरहेको छ ।

दिउँसो देशका पहाडी भूभागका केही स्थानमा र बाँकी भूभागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको विभागले जनाएको छ । साथै कोशी र बागमती प्रदेशका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको समेत सम्भावना छ ।

रातिको समयमा पनि कोशी, मधेस र गण्डकी प्रदेशका केही स्थान तथा बाँकी थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको विभागले जनाएको छ । साथै कोशी र गण्डकी प्रदेशका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको समेत सम्भावना रहेको महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा उल्लेख छ ।

शुक्रबार देशका पहाडी भूभागका केही स्थान र बाँकी भूभागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जनाइएको छ । साथै गण्डकी प्रदेशका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको समेत सम्भावना रहेको छ । रासस

# खानी खोजतलास गर्न ४३२ कम्पनीलाई अनुमतिपत्र

काठमाण्डु । खानी तथा भूगर्भ विभाग लैनचौरले मुलुकभित्र रहेका खानी खोजतलास गर्नका लागि चार सय ३२ कम्पनीलाई अनुमतिपत्र प्रदान गरेको छ । विसं २०३३ देखि खानी र भूगर्भको क्षेत्रमा काम गर्दै आएको सो विभागले नेपालको खनिजजन्य उद्योग प्रवर्द्धनका लागि सम्भावित खानीको खोजतलास गर्न ती कम्पनीलाई अनुमतिपत्र प्रदान गरेको हो ।

विभागका सूचना अधिकारी नारायण बाँस्कोटाका अनुसार फलाम, तामा, सुन, चुनढुङ्गा, ग्रेनाइट, काइनाइट, खरी, रुबी, डोलोमाइटलगायत सम्भाव्य खानीको खोजतलासका लागि विभागबाट अनुमतिपत्र प्रदान गरिएको हो । गत वर्षसम्म तीन सय ७४ कम्पनीलाई खानी खोजतलासका लागि अनुमतिपत्र प्रदान गरिएको थियो । विभागले आर्थिक वर्ष २०७९/८० मा थप ५८ कम्पनीलाई खानी खोजतलास गर्न अनुमति दिएको उहाँले बताउनुभयो । "अनुमति दिएकामा सबैभन्दा धेरै चुनढुङ्गा र तामा छन्", सूचना अधिकारी बाँस्कोटा भन्नुहुन्छ ।

यस्तै, विभागले हालसम्म एक सय ५८ कम्पनीलाई खानी उत्खननका लागि अनुमतिपत्र प्रदान गरेको छ । गत वर्षसम्म एक सय ४७ कम्पनीलाई खानी उत्खननको अनुमतिपत्र प्रदान गरेको विभागले आव २०७९/८० मा थप ११ कम्पनीलाई खानी उत्खननको अनुमतिपत्र प्रदान गरेको हो ।

खानी खोजतलास तथा उत्खननका लागि आउनेमध्ये सबैभन्दा धेरै कम्पनी चिनियाँ रहेको सूचना अधिकारी बाँस्कोटाको भनाइ छ । अनुमतिपत्र प्राप्त गरेका कम्पनीमध्ये ५० प्रतिशतले मात्र उत्खननको काम सुरु गरेको र बाँकी कम्पनी उत्खननका लागि आवश्यक प्रक्रियामै रहेका छन् ।

विभागले आव २०७९/८० मा समयमा खानी खोजतलास तथा उत्खननको क्षेत्रमा काम नगर्ने एक सय २१ कम्पनीको अनुमतिपत्र रद्द गरेको छ । "समयमा नवीकरण गर्न नआउने, म्याद सकिने र खोजेको कुरा नपाएपछि काम गर्न छाड्ने कम्पनीको अनुमतिपत्र रद्द गरेका हौं", बाँस्कोटाले भन्नुभयो । धौवादी फलाम

विभागले आव २०७९/८० मा सञ्चालनमा रहेका विभिन्न जिल्लाका एक सय खानीको स्थलगत अनुगमन, निरीक्षण र निर्देशन कार्य सम्पन्न गरिसकेको महानिर्देशक घिमिरे बताउनुहुन्छ । विभागले गरेको प्रारम्भिक अध्ययनबाट धादिङको रुबीभ्याली क्षेत्र र मनाङमा किम्ती तथा अर्धकिम्ती पत्थरको सम्भावना रहेको पाइएको छ । सो विभागले खानीको सम्भाव्यता अध्ययन गरिरहे पनि ल्याबमा प्राविधिक कर्मचारीको कमी हुँदा समयमा खानीको प्रतिवेदन आउन भने समस्या हुने गरेको छ । विभागले प्रत्येक वर्ष देशका छु ाछुँ स्थानमा खानीको सम्भाव्यता अध्ययन गरे पनि त्यसको प्रतिवेदन आउन भने वर्षौं लाग्ने गरेको छ ।

उत्खननका लागि विभागले नवलपरासीमा अनुमति प्रदान गरेको छ ।

यसअघि उदयपुर सिमेन्ट कारखाना, हेटौंडा सिमेन्ट उद्योगलाई चाहिने चुनढुङ्गा खानी तथा भूगर्भ विभागले अध्ययन गरेर प्रदान गरेको चुनढुङ्गा हो । यसबाहेक अन्य सिमेन्ट उद्योगलाई आवश्यक पर्ने चुनढुङ्गासमेत विभागले उत्खनन गरेर प्रदान गर्दै आएको छ ।

विभागका महानिर्देशक रामप्रसाद घिमिरे विभागले खानी खोजतलास तथा उत्खननको कामलाई तीव्रता दिएको बताउनुहुन्छ । विभागले हाल सङ्खुवासभाको लुहाकोटमा फलाम, भोजपुरको दिङ्लामा तामा, सिन्धुलीको खनियाखर्कमा ग्रेनाइट, धादिङको सुनौलाबजारमा डोलोमाइट, धादिङको गणेश हिमालमा रुवी, रुकुममा तामा, उदयपुरको रतुवामाइमा फलाम, मधेस प्रदेशमा सेरामिक्स र धादिङको बेनीघाटमा चुनढुङ्गाको अध्ययन गरिरहेको छ ।

दैलेखस्थित पेट्रोलियम सम्भावित भण्डार क्षेत्रको अन्वेषणका लागि चीन र नेपाल सरकारबीच सम्झौता भई अन्वेषण कार्य भइरहेको विभागले जनाएको छ । उक्त पेट्रोलियम पदार्थको अन्वेषणका लागि जियोफिजिकल सर्भे सम्पन्न भइसकेको छ । ड्रिलिङ कार्यका लागि चिनियाँ प्राविधिक टोलीबाट पहिचान भई नेपाल सरकारलाई ड्रिलिङ उपकरण ओसारपोसारका लागि आवश्यक बाटोको मर्मतका स्थानको पहिचान गरी सो प्रतिवेदन उद्योग मन्त्रालयमा पेश भइसकेको छ ।

विभागले आव २०७९/८० मा सञ्चालनमा रहेका विभिन्न जिल्लाका एक सय खानीको स्थलगत अनुगमन, निरीक्षण र निर्देशन कार्य सम्पन्न गरिसकेको महानिर्देशक घिमिरे बताउनुहुन्छ । विभागले गरेको प्रारम्भिक अध्ययनबाट धादिङको रुबीभ्याली क्षेत्र र मनाङमा किम्ती तथा अर्धकिम्ती पत्थरको सम्भावना रहेको पाइएको छ । सो विभागले खानीको सम्भाव्यता अध्ययन गरिरहे पनि ल्याबमा प्राविधिक कर्मचारीको कमी हुँदा समयमा खानीको प्रतिवेदन आउन भने समस्या हुने गरेको छ । विभागले प्रत्येक वर्ष देशका छुट्टाछुट्टै स्थानमा खानीको सम्भाव्यता अध्ययन गरे पनि त्यसको प्रतिवेदन आउन भने वर्षौं लाग्ने गरेको छ ।


विभागका उपमहानिर्देशक एवं प्रशासन प्रमुख जयराज घिमिरे विभागको ल्यावमा जनशक्ति अभाव रहेका कारण खनिजको प्रतिवेदन आउन समय लाग्ने गरेको बताउनुहुन्छ । "खनिजजन्य पदार्थको जाँचका लागि विभागको ल्याबमा ११ जनाको दरबन्दी छ तर तीन जना मात्र कार्यरत छन्, थोरै जनशक्तिका कारण वर्षौंदेखि खानीका प्रतिवेदन आउन सकेको छैन", उहाँ भन्नुहुन्छ । जनशक्ति नहुँदा चुनढुङ्गालगायत वस्तु जाँचका लागि विभाग बाहिरको ल्याबमा पठाउने गरिएको छ । खानी खोजतलासका लागि अनुमतिपत्र तथा उत्खननका लागि अनुमतिपत्र प्रदान गरेबापत आव २०७९/८० मा रु ६१ करोड ५३ लाख राजस्व सङ्कल गरेको विभागले जनाएको छ । रासस

# विद्यालय शिक्षा क्षेत्र योजनामा दातृ संस्थाले ७८ करोड अमेरिकी डलर सहायता गर्ने

काठमाण्डु । नेपाल सरकरको दशवर्षे विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यान्वयनका लागि आठ विकास साझेदार संस्थाले संयुक्त वित्तीय सम्झौताअन्तर्गत ७८ करोड अमेरिकी डलर विकास सहायता दिने भएका छन् । एसियाली विकास बैंक, युरोपेली सङ्घ, फिनल्यान्ड सरकार, शिक्षाका लागि वैश्विक साझेदारी, नर्वे सरकार, युनिसेफ, युएसएआइडी र विश्व बैंकले आगामी पाँच वर्षमा उक्त बजेट सहयोग गर्ने प्रतिबद्धता जनाएका हुन् ।

नेपाल सरकारसँग गरिने संयुक्त वित्तीय सम्झौतालाई आज अन्तिम दिन आयोजित कार्यक्रममा सो जानकारी दिइएको हो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नेतृत्वमा तयार गरिएको उक्त योजनाले नेपालका सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षामा समावेशी पहुँच सुनिश्चित गर्ने र नेपालको दीर्घकालीन लक्ष्यलाई सहयोग गर्ने उद्देश्य लिएको छ ।

सरकारले वृहत् शिक्षा क्षेत्रको विश्लेषण र कार्यान्वयनकर्ता, सरोकारवाला र लाभग्राहीसँगको परामर्शको आधारमा सो रणनीतिक योजना तयार गरेको हो ।योजनाले पूर्व प्राथमिकदेखि कक्षा १२ सम्म नेपालको सम्पूर्ण विद्यालय शिक्षा क्षेत्रलाई समेट्छ, जसमा बालबालिका र युवाहरूका लागि




अनौपचारिक शिक्षा तथा वैकल्पिक मार्ग समावेश छन् । यसमा शिक्षा क्षेत्रलाई दिगो विकास लक्ष्य २०३० को समय रेखाभन्दा अझ पर सन् २०३२ मा पूरा गर्ने लक्ष्य राखिएको छ ।

कार्यक्रमका लागि दातृ संस्थाले पहिलो पाँच वर्षका लागि अनुमानित लागत करिब रु नौ खर्ब ५५ अर्ब ९७ दशमलव दुई अर्ब अमेरिकी डलर रहेको छ । सरकारले रु आठ खर्ब ३३ अर्ब ९६ दशमलव ३ अर्ब अमेरिकी डलर वित्तपोषण गर्ने प्रक्षेपण गरिएको छ, जसमा करिब ९० करोड अमेरिकी डलरको कोष अन्तर छ ।

सम्झौतालाई अन्तिमस्वरुप दिन आयोजित कार्यक्रममा मन्त्रालयका सचिव सुरेश अधिकारीले नेपालका बालबालिका र युवाहरूको शिक्षालाई अभिवृद्धि गर्न लागि निरन्तर सहयोग र सहकार्य गरेकोमा संयुक्त वित्तीय साझेदारहरूलाई धन्यवाद दिनुभयो । कार्यक्रममा संयुक्त वित्तीय साझेदारहरूले विद्यालय शिक्षा क्षेत्र योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न सरकारलाई सहयोग गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याउनुका साथै बालबालिकाको सिकाइमा कोभिड-१९ महामारीले पारेको तत्कालिन र दीर्घकालीन प्रभावलाई पनि सम्बोधन गरे । यसका साथै, संयुक्त वित्तीय साझेदारहरूले योजनालाई सान्दर्भिक बनाउन तथा कार्यान्वयन गर्न सातवटै प्रदेश र सात सय ५३ स्थानीय सरकारमा संस्थागत क्षमता अभिवृद्धि गर्नका लागि सहयोग गर्ने पनि प्रतिबद्धता जनाएका थिए ।

युनिसेफ र फिनल्यान्ड दूतावासले विगत दुई वर्षदेखि शिक्षा विकास साझेदार समूहको सम्पर्क केन्द्रविन्दु तथा सहसम्पर्क केन्द्र विन्दुका रूपमा काम गर्दै आएका छन् र उनीहरुले आसन्न सम्पर्क तथा सहसम्पर्क केन्द्र विन्दु क्रमशः विश्व बैंक र युएसएआइडीलाई आफ्ना जिम्मेवारी हस्तान्तरण गरेका छन् । रासस

# पानीको जार र बोतलमा तोकेभन्दा बढी मूल्य नलिन आग्रह

काठमाण्डु । नेपाल बोटल वाटर उद्योग सङ्घले खानेपानीको जार र बोतलमा सरकारले तोकेको भन्दा बढी शुल्क नलिन आग्रह गर्दै व्यवसायीको ध्यानाकर्षण गरेको छ । सङ्घले आज पत्रकार सम्मेलन गरी बजारमा जाने जार र बोतलको पानीमा सरकारले तोकेभन्दा बढी मूल्य लिएको गुनासो आएको जनाउँदै बढी शुल्क नलिन व्यवसायीको ध्यानाकर्षण गरेको हो ।

सङ्घका अध्यक्ष धुव्र गौतमले विचौलियाका कारण आम उपभोक्तालाई पानीको मूल्य सरकारले तोकेभन्दा बढी परेको जनाउँदै सङ्घले बजार अनुगमलाई तीव्रता पार्न खोजेको बताउनुभयो । "उपत्यकाभित्र जारको पानीमा बढीमा ४५ देखि ४७ रुपैंयासम्म र बोतलको पानीमा प्रतिबोतल १६ रुपैंयासम्म र उपत्यका बाहिर जारको पानीमा ६० रुपैंयासम्म र बोतलको पानीमा प्रतिवोतल २० रुपैंयासम्म पर्छ, त्यसभन्दा बढी मूल्यमा बेच्ने व्यापारीलाई कारबाही हुन्छ," उहाँले भन्नुभयो ।

सङ्घले पानीको बजार अनुगमन गर्नका लागि सङ्घका केन्द्रीय वरिष्ठ उपाध्यक्ष विक्रम लिम्बू चेम्जोङको संयोजकत्वमा बजार अनुगमन समिति बनाएर बजार अनुगमनको कार्यलाई अगाडि बढाइसकेको छ ।

उक्त समितिले बजारमा रहेका थोत्रा जार, अधिकतम मूल्य, बिक्रेताको गुणस्तर परीक्षणको प्रमाणपत्र राखे नराखेको, ट्रेडमार्क मिस्युज, उत्पादन मिति र उपभोग्य मितिलगायतका विषयमा अनुगमन गर्नेछ । यसअघि उक्त समितिले ५० भन्दा बढी उद्योगी तथा बिक्रेतालाई कारबाही गरिसकेको छ । वरिष्ठ उपाध्यक्ष चेम्जोङले पानीको गुणस्तर हेरेर उपभोग गर्न आम उपभोक्तालाई आग्रहसमेत गर्नुभएको छ ।

सङ्घका सल्लाहकार गोकर्ण सिलवालले सङ्घीय संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिले गरेको निर्णयका आधारमा पानीको मूल्य समायोजन भएको भन्दै समायोजन गरेकै मूल्यमा पानी खरिद गर्न आम उपभोक्तालाई आग्रह गर्नुभएको छ । "उपभोक्तालाई ठगी गर्ने व्यवसायीलाई कारबाही गर्छौं," उहाँले भन्नुभयो ।

हाल काठमाडौं उपत्यकाभित्रमा मात्र दैनिक दुई लाख ५० हजार जार खपत हुँदै आएको छ ।रासस

# हुलाकी राजमार्गमा पुल विस्तार गरिने

काठमाण्डु । हुलाकी राजमार्गअन्तर्गत विभिन्न स्थानमा रहेका पुल विस्तार गरिने भएको छ । तीन/चार दशक पहिले बनेका र अहिले साँघुरा भएका पुल विस्तार गर्ने योजना बनाइएको हो ।

पहिलेको एक लेन पुल रहेकामा अहिले दुई लेन बनाउनु आवश्यक रहेको हुलाकी राजमार्ग आयोजना निर्देशनालयले जनाएको छ । आयोजनाअन्तर्गत २५/३० देखि कतिपय ठाउँमा ४० वर्ष पुराना पुल रहेकाले ती ठाउँमा नयाँ पुल बनाउनुपर्ने आयोजना प्रमुख चुडाराज ढकालले बताउनुभयो । उहाँले भन्नुभयो, "त्यतिबेला थोरै गाडी चल्दाका पुल अहिले पर्याप्त छैन ।"

पुलहरुलाई नौ मिटर चौडाइमा विस्तार गरिने उहाँले बताउनुभयो । सात मिटर गाडी गुड्ने र त्यससँगै दुई मिटर गरी नौ मिटर चौडाइका पुल निर्माण गर्न लागिएको हो । सडकको विस्तार भएकाले सडक जत्तिकै चौडाइमा पुल बनाउनुपर्ने उहाँको भनाइ छ ।


पुल साँघुरा हुँदा समस्या भएकाले अहिले नयाँ बनाउनु आवश्यक रहेको प्रमुख ढकालले बताउनुभयो । पुराना सडक रहेको स्थानमा पुल बनाउनुपर्ने बढी आवश्यक रहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "नेपालगञ्ज-गुलरिया खण्डमा पाँच जति पुलमा यो अवस्था रहेको छ ।"

आयोजनाअन्तर्गत केही सङ्ख्यामा रुग्ण पुलको ठेक्का पनि छ । आयोजनाले काम नै नगर्ने पुलको ठेक्का तोडेर नयाँ ठेक्कामार्फत अघि बढाउँदै आएको छ । हुलाकी राजमार्ग आयोजनाले आव २०६५/६६ मा निर्माण सुरु गरेर आव २०७४/७५ मा सम्पन्न गर्ने लक्ष्य लिएको थियो । पछि त्यसलाई संशोधन गरेर आव २०७९/८० पुऱ्याइएको थियो । अहिले पुनःआव २०८३/८४ मा सम्पन्न गर्ने गरी प्रस्ताव गरिएको छ ।

राणाकालमा चिठ्ठी आदानप्रदानका लागि प्रयोग हुने भारतीय सीमा नजिकैको सडकलाई नै डेढ दशक पहिले हुलाकी राजमार्ग नामकरण गरिएको थियो । उक्त राजमार्ग पहिले हुलाकी पुल आयोजनाका रूपमा थियो । पहिले भारत सरकारले सबै सडक अनुदानमा निर्माण गर्ने र पुल नेपाल सरकारले बनाउने सम्झौता भएको थियो । रासस

जनकपुर टुडे





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# जनतालाई नठग

मुलुक आर्थिक रुपले समृद्ध हुन्छ। मैले सरकारको नेतृत्व गर्न पाए मुलुकलाई पाँच बर्षमा दश बर्षमा सिँगापुर बनाइदिन्छु । वर्तमान सरकार पूर्ण रुपले असफल भई सकेको छ । लगायतका शिर्षकको अभिव्यक्ति संघीय संसदको सुन्दरता हो । प्रतिपक्षीले सत्तापक्षधरमाथि प्रहार गर्ने शैली यो नै हो । तर, कुन र कसको नेतृत्वमा सरकार बन्छ भने मुलुक समृद्धिको बाटोमा जान्छ जनता त्यसको पर्खाइमा छ। मुलुकमा प्रजातन्त्र आएपछि जनता अब समृद्ध हुन्छ भने आशा लिएका थिए तर अहिले पनि जनता आशामा नै बसेका छन्। सपना सजाएका जनताहरु दिनहुँ बिदेशिनु परेको छ । धनुषा जिल्लाले यस पटक सवै भन्दा बढी श्रम स्वीकृति लिएका जिल्लामा परेका छन् । मधेश प्रदेशबाट मात्रै एक लाख भन्दा बढीले चालु आर्थिक बर्षमा श्रम स्वीकृति लिएका छन् तर सरकार भने समृद्धिका सपना बाडि रहेका छन् र तालि पनि सुनि रहेका छन् । तालि बजाउने पनि यसै समाजका जनता छन् । उनीहरु आफ्ना नेता संग प्रश्न गर्नुको साटो तालि बजाएर उनको ठगीमा समर्थन जनाइ रहेका छन् । १० बर्षे जनयुद्ध लडेर शान्तिपूर्ण राजनीतिमा आएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले १० बर्षमा मुलुकलाई सिँगापुर बनाउने सपना बाडेका थिए तर, आज उनका सहकर्मी लडाकुहरुको अवस्था भने दयणिय छ। मुलुकलाई समृद्ध बनाउनुको साटो यहाँ रहेका कलकारखाना र उद्योगहरुलाई समेत धरासायी बनाए। मुलुकमा आम्दानीको स्रोत छैन्। कर र रेमिटान्सको भरमा चल्ने मुलुकलाई कुन तरिकाले समृद्ध बनाउने योजना समेत सरकार संग छैन् । पर्यटन क्षेत्रलाई आधार बनाउने हो कि विजुली बेचेर हो कि कलकारखाना सञ्चालन गर्ने कुनै योजना सरकार संग छैन् । कार्यकर्ता पाल्ने योजना ल्याएर बैदेशिक सहायाता, ऋण लिएर गरिने सडक निर्माणले मुलुक समृद्ध हुन्छ त ? संघीय सद्नमा अनुहार नयाँ नयाँ आए पनि काम गर्ने सिस्टमनै पुरानो रहेको बुझ्न सकिन्छ । यो सिस्टम कहिले बद्ल्ने र बास्तवमा मुलुक समृद्ध हुन्छ त्यसको पर्खाइमा जनता रहेको छ। जनताको छोराले सरकारको नेतृत्व गरेपछि जनताको दुःख सुखको सहयात्री बन्ने छ भने सपना लिएर पटक पटक आन्दोलन भयो । सयौं जनाले सहादत दिए तर, जनताको छोराहरु भने राजाको छोरा झै गरेको व्यवहारले मुलुकको आर्थिक अवस्था दिन प्रतिदिन खस्किदै गएको छ। अन्य मुलुकहरु संग मागेर ल्याउनु बाहेक अरु कुनै विकल्प तत्कालकोलागि देखिदैन्।

# बूढीगण्डकी आयोजनाले देशलाई खाद्यान्नमा आत्मनिर्भर गराउन सक्छ



**गोविन्द शर्मा पोखरेल**

बूढीगण्डकी आयोजना नेपालमा परिचय नचाहिने आयोजनाहरूमध्ये पर्दछ भन्दा केही गल्ती नहोला । यस परिचय नचाहिने आयोजनाबारे धेरै जनाले धेरै कुरा लेखेको पढ्न पाइन्छ छापाहरूमा । सन् १९८० को सुरुवातसँगै अध्ययन सुरु भई १९८४ मा नै पहिलो पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन तयार भई अब विलम्ब निर्माणमा लैजानुपर्ने भन्ने धेरैलाई महसुस भएको यो आयोजनाको निर्माणमा भएको अतुलनीय ढिलाइ बुझिसक्नु छैन । देशमा करिब ३,००० मेगावाटको हाराहारीमा विद्युतको जडित क्षमता तथा विद्युतको उच्च माग १,८०० मेगावाटको हाराहारीमा पुग्दासमेत विद्युतीय प्रणाली सञ्चालनका लागि अति आवश्यक ठानिएको जलाशययुक्त विद्युत् केन्द्रको जडित क्षमता केवल १०६ मेगावाटमा नै सीमित हुनु विडम्बनापूर्ण देखिन्छ। तापीय विद्युत् केन्द्रबाट केही उर्जा उत्पादन भई प्रणालीमा खपत भइरहेको भए पनि प्रथमतः सो नगण्य छ र नेपालजस्तो जलविद्युतको सम्भावना भएको मुलुकका लागि नवीकरणीय विद्युत् नै बढी उपयुक्त हुने कुरा विभिन्न कारणहरूले गर्दा निर्विवाद छ। यो त भए विद्युतका कुरा।

विद्युतबाहेक यो पानीको पुनर्प्रयोग हुने असीमित सम्भावनाहरूमध्ये चितवनको करिब ५०० वर्ग किलोमिटर क्षेत्रमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउने सम्भावना अहम् हुन्छ । यसबाट नेपालमा खाद्य पदार्थको उत्पादनमा व्यापक वृद्धि भई नेपाल धेरै हदसम्म खाद्यपदार्थमा आत्मनिर्भर हुने सम्भावना बद्दद छ। हालको अवस्थामा भन्दा समुचित सिँचाइका कारण चितवनमा उत्पादन हुन सक्ने थप खाद्य पदार्थको परिमाणको हिसाब गर्दा यो परिमाण वार्षिक सालाखाला करिब ११ लाख ५० हजार टन हुन सक्छ र यस परिमाणको खाद्य पदार्थले करिब ६० लाख मानिसलाई वर्षभरि नै भरपेट खान पुग्छ। यसरी थप खाद्य पदार्थ उत्पादन गर्न करिब एक अर्ब घनमिटर नियमन गरिएको पानीको आवश्यकता पर्दछ र यस्तो नियमन गरिएको पानी बूढीगण्डकी आयोजनाबाट प्राप्त गर्न सकिन्छ। यसमा पनि बर्सातको समयमा चितवनमा प्रशस्त पानी पर्ने हुनाले कहिले काहीँ हुने मिड मनसुन ड्राउट (बर्सातको समयमा हुने खडेरी) तथा अन्य अपुग हुनसक्ने स्थानमा केही पानीको आवश्यकता पूर्ति गर्न तथा सुख्खायाममा आवश्यकता अनुसार पानीको पूर्ति गर्न आवश्यक जम्मा पानीको परिमाण हिसाब गर्दा चितवन उपत्यकामा सालाखाला वार्षिक ६० करोड घनमिटर नियमन गरिएको पानी आवश्यक पर्ने देखिन्छ । यो परिमाणको पानी बूढीगण्डकी नदीमा वार्षिक रूपमा नियमन गर्न सकिने पानीको परिमाणको कसल १० प्रतिशत जति मात्र हुन आउँछ।

बाँकी रहेको नियमन गरिएको पानीलाई रूपन्देही जिल्लाको बगुवन नजिक सानो पानी फर्काउने संरचना निर्माण गरी रूपन्देही र कपिलवस्तु जिल्लाहरूका करिब २ हजार वर्ग किलोमिटर क्षेत्रमा खाद्यान्न उत्पादन कार्यमा प्रयोग गर्न सकिन्छ। यसबाट वार्षिक सालाखाला थप करिब ४५ लाख टन खाद्यान्न उत्पादन गर्न सकिन्छ र नेपाल खाद्य आयात गर्ने देशबाट खाद्य सुरक्षित देशमा परिणत हुन सक्छ। यो परिमाणको खाद्य पदार्थको मूल्य करिब ३ खर्ब नेपाली रुपैयाँ हुन्छ। यसरी बूढीगण्डकी जलाशययुक्त आयोजनामा नियमन गर्न सकिने ७ अर्ब घनमिटर पानीमध्ये चितवन, रूपन्देही र कपिलवस्तुमा गरी जम्मा ३ अर्ब घनमिटर पानी खाद्यान्न उत्पादन वा सिँचाइमा प्रयोग गर्न सकिन्छ भने बाँकी रहेको ४ अर्ब घनमिटर पानी भारतमा निर्यात व्यापार गर्न सकिन्छ।

यसरी निर्यात व्यापार गर्ने पानीको मूल्य आपसी समझदारीमा तय गरिने विषय भए पनि नेपाल र भारतबीच विगतमा सम्पन्न पानीसँग सम्बन्धित सन्धिहरूमा नेपालको हात निकै तल परेको परिप्रेक्षमा एउटा निम्नतम विन्दुको हिसाब नेपालमा सो पानीबाट हुन सक्ने सिँचाइमार्फत हुने फाइदाको तुलना गर्दा सो चार अर्ब घनमिटर पानीको बिक्री मूल्य वार्षिक करिब ४ खर्ब नेपाली रुपैयाँ वा नेपाली रुपैयाँ १०० प्रतिघनमिटर हुन आउँछ । यदि यस परिमाणको फाइदालाई नेपाल र भारतबीच आधा आधा गर्दा नेपालले सो नियमन गरिएको पानी प्रयोग गरेबापत भारतबाट वार्षिक सालाखाला २ खर्ब रुपैयाँ पानीको बिक्रीबाट प्राप्त गर्नु पर्ने हिसाब आउँछ । तर, यस लेखकले यसअघि गरेको यस्तै अध्ययनबाट भारतमा नेपालको नियमन गरिएको पानीको औसत दर रेट १७.६४ अमेरिकी सेन्ट



प्रतिघनमिटर पर्दछ भन्ने निष्कर्ष मुताबिक बूढीगण्डकी जलाशयबाट भारतलाई वार्षिक सालाखाला प्राप्त हुन सक्ने ४ अर्ब घनमिटर पानीको मूल्य करिब ९३ अर्ब नेपाली रुपैयाँ हुन आउँछ । त्यसैले, बूढीगण्डकी जलाशयबाट भारतलाई वार्षिक सालाखाला प्राप्त हुन सक्ने ४ अर्ब घनमिटर पानीको मूल्य करिब ९३ अर्ब नेपाली रुपैयाँ नै उक्त पानीको भारतमा न्यूनतम बिक्री मूल्य हुन आउँछ । माथि उल्लेखित पानीको औसत मूल्यलाई बर्सातको समयको औसत मूल्य र हिउँदका महिनाको औसत मूल्यमा पनि रूपान्तरित गरी हिसाब गर्न समेत सकिन्छ।

**बूढीगण्डकीलाई बहुउद्देश्यीय बनाउँदा हुने फाइदा**

- रूपन्देही र कपिलवस्तु जिल्लाहरूका करिब २ हजार वर्ग किलोमिटर क्षेत्रमा खाद्यान्न उत्पादन कार्यमा प्रयोग गर्न सकिने
- यसबाट वार्षिक सालाखाला थप करिब ४५ लाख टन खाद्यान्न उत्पादन गर्न सकिने
- नेपाल खाद्य आयात गर्ने देशबाट खाद्य सुरक्षित देशमा परिणत हुने
- यो परिमाणको खाद्य पदार्थको मूल्य करिब ३ खर्ब नेपाली रुपैयाँ हुने ।

नेपालसँग सिमाना जोडिएका भारतका तीन राज्यहरू उत्तर प्रदेश, बिहार र पश्चिम बंगालमा सिँचाइका लागि प्रशस्त पानीको माग छ, पानीको मागका साथै बाढी नियन्त्रणको पनि आवश्यकता टड्कारो भए पनि बूढीगण्डकी जलाशयबाट भारतलाई बाढी नियन्त्रणमा खास केही फाइदा नहुने भएकाले यस आलेखमा केबल खाद्य उत्पादन र सिँचाइको विषय समेटिएको छ। माथि उल्लिखित भारतका तीन राज्यहरूको मौसमी आँकडा हेर्दा उत्तर प्रदेश राज्यमा बर्सातको समयमा समेत धान खेती गर्न आवश्यक मात्रामा पानीको ठूलो अभाव देखिन्छ भने हिउँदका ८ महिनामा सिँचाइका लागि माथि उल्लेखित राज्यहरूको पानीको आवश्यकतालाई नेपालबाट भारतमा बगेर जान सक्ने सम्पूर्ण पानीले पनि ठीकसँग धान्न सक्दैन । तर, जे जस्तो वास्तविकता भए पनि भारतले बूढीगण्डकी जलाशयबाट केही कम मात्रामा मात्र पानी किन्न सक्छ वा नकिन्न पनि सक्छ । यस्तो अवस्थामा नेपालले पानीको वास्तविक आवश्यकतालाई आधार बनाएर परियोजनाको परिकल्पना तथा डिजाइन र निर्माण गर्नुपर्छ र सोही बमोजिम आयोजनाको पोखरीको क्षमतामा पुनर्विचार गर्नु पर्छ।

यो आयोजनाका प्रतिवेदनअनुसार आयोजनाको प्रस्तावित बाँध स्थलबाट वार्षिक सालाखाला ७ अर्ब घनमिटर पानी बग्दछ र सो पूरै पानीलाई नियमन गर्न सकिन्छ । यस्तो नियमन कार्य बिजुली तथा पानीको आवश्यकतामा आधारित हुनुपर्छ । यसबाट आयोजनाको लगानी तथा वातावरणीय प्रभाव बढ्ने निर्विवाद भए पनि उक्त प्रभावलाई प्राप्त हुनसक्ने लाभसँग तुलना गर्दा थप लगानीबाट हुने थप लाभको परिमाण औसत लगानीबाट प्राप्त हुन सक्ने। औसत लाभभन्दा निक्कै ज्यादा भए जोखिम तथा लगानी बढाएर भए पनि ठूलो जलाशययुक्त आयोजनाको निर्माण गर्ने हो तर ट्राक्टाबेलले गरेजस्तो आयोजनाको जोखिम र लगानी प्रतिफल कम्ती भए पनि बढाउने कुरो साधारण इञ्जिनियरिंगभित्र पर्ने कुरा होइन । मेरो विचारमा यो गलत निष्कर्ष हो । त्यसैले, पहिले भारतसँग यस आयोजनाबाट नियमन गरिएको पानी माथि उल्लेखित दर रेटमा भारतमा प्रयोग गर्ने बारेको सम्झौता भए मात्र ठूलो जलाशययुक्त आयोजनाको निर्माण गर्ने हो नत्र नेपालको हालको ऊर्जा तथा सिँचाइका लागि पानीको आवश्यकता बमोजिम मात्र यो परियोजना अविलम्ब निर्माण गर्नु जरुरी छ।

यसरी नेपाललाई आवश्यक पर्ने वार्षिक ३ अर्ब घनमिटर पानी नियमन गर्ने हिसाबले यस आयोजनाको आयु १०० वर्षका लागि डेड स्टोरेज (विद्युत उत्पादन तथा सिँचाइमा प्रयोग नहुने पानी) ६८.२० करोड घनमिटरसहित यो आयोजना डिजाइन गर्दा डेड स्टोरेजका कारणले यो आयोजनाको बाँधको उचाइ ४१ मिटरले कम हुन सक्दछ। तर, नेपालमा माथि उल्लेखित सिँचाइका लागि वार्षिक सालाखाला ३ अर्ब घनमिटर पानी आवश्यक पर्ने देखिएकाले जलाशयको क्षमताका हिसाबमा मुख्य बाँधको उचाइ निर्क्योल गर्नुपर्छ।

यसबाहेक, नेपालका नदीहरूमा हिउँदका महिनाहरूमा वार्षिक बहावको सालाखाला करिब २० प्रतिशत पानी बग्ने हुँदा सोही तथ्यांकलाई आधार मान्दा बूढीगण्डकी नदीमा वार्षिक सालाखाला बग्ने ७ अर्ब घनमिटर पानीमध्ये करिब १ अर्ब ४० करोड घनमिटर पानी हिउँदका ८ महिनामा बग्ने निष्कर्ष निकाल्न सकिन्छ। यो परिमाणको पानीलाई नेपाल र भारतको भागमा आधा/आधा गर्दा नेपालको भागमा पर्ने ७० करोड घनमिटर हिउँदमा बग्ने पानी घटाउँदा नेपालमा सिँचाइका लागि आवश्यक ३ अर्ब घनमिटर पानीमध्ये २ अर्ब तीस करोड घनमिटर पानी मात्र बर्सातको पानी नियमन गर्न आवश्यक हुन्छ। यसको आधारमा मुख्य बाँधको उचाइको हिसाब गर्दा मुख्य बाँधको उचाइ प्रस्तावित २६३ मिटरभन्दा २८ मिटर कम हुन गई केवल २३५ मिटर हुन्छ। यसरी मुख्य बाँधको उचाइ २८ मिटर कम हुँदा आयोजनाको लागत, जोखिम तथा वातावरणीय प्रभावमा निकै कमी आउन सक्नेछ।

यसरी हिउँदका ८ महिनामा बग्ने ३ अर्ब घनमिटर पानी को औसत बहाव करिब १३० घनमिटर प्रति सेकेण्ड पानीलाई प्रथमतः विद्युतलाई मुख्य प्राथमिकतामा राख्दा दैनिक करिब ७ घण्टा पिक आवर, दिउँसोको बेस पावर, सालाखाला पिक आवरको ६० प्रतिशत र रातिको करिब १५ प्रतिशत लिई डिजाइन गर्न सकिन्छ। तर, यसरी डिजाइन गर्दा यो आयोजनाको जडित क्षमता करिब ५०० मेगावाट मात्र हुन आउँछ र यस्तो पिकिङ व्यवस्था नेपालको हालको आन्तरिक खपतका लागि समेत अपुग हुन्छ। तर, यदि यस आयोजनालाई केवल पिकिङ केन्द्रका रूपमा मात्र विकास गर्ने हो भने यस केन्द्रको जडित क्षमता करिब ९५० मेगावाट मात्र हुनेछ र यसबाट पिक आवरमा दैनिक ७ घण्टा मात्र विद्युत उत्पादन गर्न सकिन्छ। तर, नेपालको विद्युत् प्रणालीमा हिउँदका आठ महिनामा पिक आवरका साथ साथै दिउँसोको समयमा पनि थप विद्युत् आवश्यक हुने हुनाले कसलाई कति भार दिने हो सो को आधारमा यस आयोजनाको जडित क्षमता यकिन गरिनु पर्दछ । यसो गर्दा आयोजनाको कुल लागतको ज्यादा अंश विद्युत् उत्पादनमा राखिनु पर्दछ।

सिँचाइलाई आवश्यक पर्ने पानीको आधारमा यो आयोजनालाई अप्टिमाइज गर्दा हिउँदको समयमा सिँचाइलाई पर्ने खास पानीको आवश्यकतालाई मुख्य आधार बनाएर आयोजना जडित क्षमता यकिन गरिनु पर्दछ र यसो गर्दा आयोजनाको लागतमा ज्यादा अंश सिँचाइको राखिनु पर्छ । यसरी सिँचाइका आधारमा यस आयोजनाको अप्टिमाइजेशन गर्नुपर्ने हो भने यो आयोजनाको नामको पछाडि सिँचाइ आयोजना भनी नामाकरण गरिनु पर्दछ । त्यसैले, यो आयोजनाको नामाकरण 'जलविद्युत् तथा सिँचाइ आयोजना' वा बहुद्देश्यीय आयोजना हुनु पर्दछ । सारांशमा, यो आयोजनाको हालको अप्टिमाइजेशन गलत छ। यसलाई दोहोर्याई नेपाललाई अधिकतम फाइदा हुने गरी गर्नु र अविलम्ब यस आयोजनालाई निर्माणको चरणमा लगी सम्पन्न गर्नु हालको भारतमा निर्भर विद्युत् प्रणालीका लागि अति आवश्यक छ । यस आयोजनाको पुनः नामाकरण हुन समेत अत्यन्तै जरुरी छ। माथि कतै पनि उल्लेख नगरिएको विषयः यस आयोजनाबाट बर्सातको समयमा पनि यस आयोजनाको जडित क्षमताको आधारमा विद्युत् उत्पादन गरिनेछ।

# नेपाली विद्यार्थीका लागि क्यानडा अध्ययन अवसर, तर निरन्तरतामा चुनौती

**सुमन पौडेल**

पछिल्लो समय नेपाली विद्यार्थीहरूको अध्ययनको प्रमुख गन्तव्य क्यानडा भएको छ । उच्च शिक्षा अध्ययन गर्नका लागि नेपाली विद्यार्थी क्यानडा जाने संख्या बढ्दो छ । क्यानडाले अन्तर्राष्ट्रिय विद्यार्थीहरूको अध्ययनका लागि सजिलो भिसा नीति अंगीकार गरेको छ। त्यस्तै अध्ययन पश्चात् निश्चित अवधिका लागि काम गर्न अनुमति दिने र उनीहरूको स्थायी बसोबासका लागि पनि अन्य विकसित देशका तुलनामा सजिलो प्रावधानहरू निर्धारण गरेको छ।

क्यानडाको संघीय सरकारले सन् २०२५ सम्म क्यानडाको श्रम बजारमा रहेको दक्ष कामदारको अभावलाई पूर्ति गर्न तथा क्यानडाको आर्थिक सम्बृद्धिमा टेवा पुऱ्याउने हेतुले वैधानिक रुपमा प्रत्येक वर्ष करिब ५,०००,०० आप्रवासी भित्र्याउने नीति अंगीकार गरेको छ। साथै क्यानडालाई विद्यार्थीहरूको आगमनबाट वैदेशिक आय प्राप्त हुने तथा तत्काल आफ्नो श्रम बजारमा रहेको कामदारको अभावलाई पनि परिपूर्ति गर्न सहयोग पुग्ने हुँदा क्यानडाले अन्तर्राष्ट्रिय विद्यार्थीहरूको आगमनलाई विशेष प्राथमिकता दिइरहेको छ।

क्यानडाको सरकारी संघीय निकाय आप्रवासन, शरणार्थी र नागरिकता क्यानडाको तथ्याङ्क अनुसार १८४ देशहरूबाट सन् २०१९ मा ४००,६००, सन् २०२० मा कोभिड महामारीका कारणले अन्तर्राष्ट्रिय विद्यार्थीहरूको आगमनलाई रोकिएको बाहेक सन् २०२१ मा ४४४,२६० र सन् २०२२ मा ८०७,७५० अन्तर्राष्ट्रिय विद्यार्थीहरू अध्ययनका लागि क्यानडामा अनुमति दिएको छ । सन् २०२२ मा क्यानडामा अन्तर्राष्ट्रिय विद्यार्थीहरू आगमन क्यानडाको इतिहासमा आफैंमा एउटा रेकर्ड भएको छ। सन् २०२३ अन्त्यसम्ममा यो संख्या अझै उल्लेख्य रुपमा बढ्नेमा कुनै शंका छैन।

सन् २०२२ मा क्यानडाको अर्थतन्त्र विश्वको ८ औं ठूलो अर्थतन्त्र भएको छ । यसको कुल ग्राहस्थ्य उत्पादन २.२२१ ट्रिलियन अमेरिकी डलर रहेको छ । यो विश्वको सबैभन्दा ठूलो व्यापारिक राष्ट्रहरूमध्ये एक हो, जसको अत्यधिक भूमण्डलीकृत अर्थव्यवस्था छ। रियल इस्टेट, निर्माण, र खनिज उत्खनन क्यानडाको अर्थव्यवस्थाको प्रमुख चालकहरू हुन । यहाँको अर्थतन्त्र तीव्र रुपमा फस्टाउँदै पर्याप्त अवसरहरू सृजना भएकोले पछिल्लो समय स्थायी बसोवास र सुखद भविष्यको लागि आप्रवासन खोज्नेहरूका लागि क्यानडा प्रमुख रोजाई भएको छ।

यसरी हेर्दा क्यानडा अन्तर्राष्ट्रिय विद्यार्थीहरूको उज्ज्वल भविष्यका लागि पनि सुवर्ण अवसर भएको देश हो। समग्रमा, अन्तर्राष्ट्रिय विद्यार्थीहरूको लागि क्यानडामा अध्ययन एक सुवर्ण अवसर भएतापनि, वर्तमानमा उनीहरूका सामु चुनौतीहरू पनि उत्तिकै छन्। भाषा अवरोध, संस्कृतिको भिन्नता, आर्थिक बोझ, आवास र स्वास्थ्य सेवामा सहज पहुँचको कमी अन्तर्राष्ट्रिय विद्यार्थीहरूले क्यानडा आउँदा सामना गर्नु पर्ने केही महत्वपूर्ण चुनौतीहरू हुन् । आधिकारिक रुपले पुष्टि नगरे पनि पछिल्लो केही समयदेखि क्यानडाको अर्थतन्त्रमा मन्दी देखिएको छ। कुल ग्राहस्थ्य उत्पादन घट्दो अवस्थामा छ। मुद्रास्फीतिको दर पनि करिब ८ प्रतिशतमा पुगेको छ। श्रम बजारमा रोजगारीहरू उल्लेख्यरुपमा कटौती भइरहेको छ। बैंकको ब्याजदर क्यानडाको इतिहासमै उच्च दरमा पुगेको छ। ब्याजदर उच्च हुँदा घर जग्गाको किस्तामा अत्यधिक बृद्धि भएको छ। यसले क्यानडामा बसोवास गरिरहेको नागरिकहरूको जीवनमा प्रतिकुल असर गरिरहेको छ। मानिसहरूको खर्च गर्ने क्षमतामा ह्रास आउँदा व्यापारमा गिरावट भई रोजगारीको अवसरहरूमा संकुचन आएको छ।

हाल क्यानडाको सबै भन्दा बढी जनसंख्या भएको ओन्टारियो प्रदेशमा मन्दीको प्रभाव बढी देखिएको छ । तुलनात्मरुपमा अन्य कम जनसङ्ख्या भएका प्रदेशहरूमा मन्दीको प्रभाव अलि कम छ। मन्दीले रोजगारीको अवसरहरू कटौती हुँदा यसको प्रभाव क्यानडामा अवस्थित अन्तर्राष्ट्रिय विद्यार्थीहरूमा पनि परेको छ। अन्तर्राष्ट्रिय विद्यार्थीहरू अध्ययनका लागि आउने प्रदेशहरूमा प्राय ओन्टारियो, क्यूबेक, ब्रिटिस कोलम्बिया, अलबर्टा र मानिटोवाहरू पर्दछन्। क्यानडाको सबैभन्दा बढी जनसंख्या (करिब ४० प्रतिशत) भएको ओन्टारियो प्रदेशमा धेरै अन्तर्राष्ट्रिय विद्यार्थीहरू (तथ्याङ्कका अनुसार) अध्ययनका लागि आउने हुँदा यहाँका अन्तर्राष्ट्रिय विद्यार्थीहरूमा मन्दीको प्रभाव अलि बढी देखिएको छ।

अन्तर्राष्ट्रिय विद्यार्थीहरूले भोग्नु पर्ने समस्याहरू पहिले देखि नै थुप्रै थिए त्यसमा पनि अहिले आएर उनीहरूले काम नपाउने समस्या प्रमुख बनेको छ। क्यानेडियन सरकारले विद्यार्थीहरूलाई हप्तामा २० घण्टा काम गर्ने अनुमति दिएको छ। यसले उनीहरूलाई ग्रोसरी, कोठाभाडा तथा यातायातको शुल्क तिर्नका लागि मद्दत पुग्ने गर्दछ । तर कामको अवसर नपाउँदा हाल विद्यार्थीहरूलाई यी न्यूनतम आधारभूत खर्चहरू व्यवस्थापन गर्न अत्यन्तै धौधौ परेको अवस्था छ। नेपालबाट सधै पैसा मगाएर यी खर्चहरू धान्न विद्यार्थीहरूलाई गाह्रो छ किनकी अपवादबाहेक प्राय सबै अभिभावकहरूले ऋणधन गरेर नै आफ्ना सन्ततिहरूलाई वैदेशिक अध्ययनमा पठाएको स्थिति छ।

पछिल्लो समय काम नपाएर बस्दा विद्यार्थीहरूले ग्रोसरी, कोठाभाडा लगायतका न्यूनतम् खर्चहरू तिर्न नसक्दा उनीहरूको दैनिक जीवनयापनमा समस्या त आएकै छ, सँगसँगै आगामी दिनहरूमा अध्ययनलाई कसरी निरन्तरता दिने भन्ने ठूलो चुनौती खडा भएको छ । फलस्वरुप अन्तर्राष्ट्रिय विद्यार्थीहरूले हाल क्यानडामा मानसिक स्वास्थ्य समस्या सामना गरिरहेका छन । सबैभन्दा बढ्दो चिन्ता कमजोर मानसिक स्वास्थ्यको कारणले उनीहरूको शैक्षिक सफलतामा पनि नकारात्मक असर गरिरहेको छ।

हाल मानसिक स्वास्थ्यको कारणले क्यानडामा कतिपय अन्तर्राष्टिय विद्यार्थीहरूले आत्महत्या गरेका घटनाहरू बाहिर आएका छन्। अन्तर्राष्ट्रिय विद्यार्थीहरूका समस्याहरूबाट नेपाली विद्यार्थीहरू पनि क्यानडामा अछुतो छैनन्। क्यानडामा अहिले भइरहेको विद्यार्थीहरूको यस्तो अवस्थालाई उनीहरूका अभिभावकहरूले नजिकबाट बुझ्नु जरुरी छ। अभिभावकहरूले आफ्ना छोरा छोरीलाई अध्ययनका लागि क्यानडामा पठाइसके पछि उनीहरू कुन कुन समस्याहरूसँग जुधिरहेका छन भन्ने बारेमा पर्याप्त जानकारी लिन जरुरी छ। साथै अहिलेको अफ्ट्रो अवस्थामा आफ्ना छोरा छोरीहरूलाई कसरी मनोवैज्ञानिक तथा आर्थिक रुपले सहयोग गर्ने भन्नेमा निरन्तर चासो राख्ने आवश्यक छ। उनीहरूको मनोबल उच्च राख्ने वातावरण बनाउन जरुरी हुन्छ। आफ्ना छोरा छोरीहरूलाई क्यानडा पठाइसकेपछि मेरो दायित्व कम भयो उनीहरूले आफै गरिहाल्छन् भनेर सोच्नु हुँदैन।

अहिले श्रम बजारमा पर्याप्त कामहरूको अभाव भएको हुँदा सबै विद्यार्थीहरूले काम पाउन सक्ने अवस्था न्यून छ। त्यसैले अभिभावकले कम्तीमा पनि उनीहरूलाई ६ महिना सम्म ढुक्कसँग खान बस्ने व्यवस्था मिलाई उनीहरूको अध्ययनलाई अगाडि बढाउन सक्ने वातावरण बनाइदिनु पर्छ। अहिले क्यानडामा मुद्रास्फीति र बैंक ब्याजदर उच्चदरमा भएको हुँदा घर भाडा, खाद्यवस्तुलागायत अन्य आधारभूत सामग्री अत्यधिक महंगो भएको छ। बैंक ब्याजदर अत्यधिक बढेकाले घर धनीलाई पनि घरको बैंक किस्ता तिर्न अफ्ट्यारो परेको हुँदा घर भाडा पनि अत्यधिक बृद्धि भएको छ।

प्राय नेपाली विद्यार्थीहरूले नेपालीकै घरमा भाडामा बस्न मन पराउने हुन्छन् । उनीहरूलाई घरधनीले केही हदसम्म सहुलियत दरमा कोठामा भाडामा दिएर सहयोग गर्दा ठूलो राहत हुने थियो । अहिले क्यानडामा घरधनीहरूले विद्यार्थीहरूसँग चर्को भाडा रकम असुलिरहेको भन्ने गुनासो आइरहेको छ। यस सम्बन्धमा कम्तिमा नेपाली घरधनीले बिचार गरी सहयोगी भावना देखाउँदा क्यानडामा नेपाली समाजको विकासमा ठूलो योगदान पुग्ने थियो । क्यानडामा रहेको नेपाली उद्यमी तथा व्यवसायीहरूले नेपाली विद्यार्थीहरूलाई रोजगारीमा प्राथमिकता दिने बातारवरण बनाउदा यसले विद्यार्थीहरूमा सकारात्मक सन्देश प्रवाह हुन्छ। क्यानडामा रहेका एनआरएनएलगायत नेपाली संघ संस्थाहरूले आफ्नो संस्थामा हेल्प डेस्क तथा सूचना केन्द्रको स्थापना गरी नेपाली विद्यार्थीहरूलाई परेका यावत समस्याहरूमा सहयोग गर्ने वातावरण बनाउन जरुरी छ।

सकेसम्म यस्ता हेल्पडेस्क तथा सुचना केन्द्रको मार्फत विद्यार्थीहरूलाई रोजगारी प्रदान गर्ने ऐजेन्सीहरू सँग समन्वय गरिदिने, त्यसको सूचना प्रवाह गरिदिने, रोजगारमा संलन नेपालीहरूले विद्यार्थीहरूलाई आफूले काम गर्ने कार्यस्थलमा सिफारिस गरिदिने गर्दा यसले नवआगन्तुक विद्यार्थीहरूलाई काम पाउन केही हदसम्म सहयोग पुग्ने थियो। स्वयम् विद्यार्थीहरूले पनि क्यानडामा अत्यधिक माग भएका कामहरू जस्तो पेण्टिंग, हेयर कटिंग, ब्युटी पार्लर, नेलआर्ट, वेटर, पिज्जा बनाउने, फ्लोरिंग, पार्केटिंग, रुफिंग, कार्पेन्टर, प्लास्टरिंग,कुक हेल्पर, सामान्य इलेक्टिसियन र प्लम्बिंगको काम,टायर पंचटको काम, कारमा कालो सिसा वा स्टीकर लगाउने,डाटा इन्ट्री,सफ्टवेयर डेभलेप्मेन्ट, वेल्डिंग, हेल्थ केयर टेकर, प्याकेजिंग, लेबलिंग,फुड डेलिभरी, सेक्युरिटी गार्ड जस्ताकोकामको अनुभव लिएर आउँदा यहाँ काम पाउन सजिलो हुन्छ।

# अरुसँगको दोस्तीले माओवादीलाई कमजोर बनायो : मातृका यादव

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा माओवादी केन्द्रका नेता मातृका यादवले कर्णालीले जनयुद्ध कालदेखिनै संघर्ष र योगदान पुऱ्याएको बताएका छन् ।

कर्णाली प्रदेशको इन्चार्ज भएर सुर्खेत आइपुगेका नेता यादवले पत्रकार सम्मेलनमा कर्णाली प्रदेशमा माओवादी बलियो रहेको बताए । उनले मधेस प्रदेशमा भने माओवादी कमजोर बनेको जानकारी दिए ।

'कर्णालीमा माओवादी सबै हिसाबले बलियो पार्टी हो,' उनले भने,'मैले रोजेको ठाउँ पाएको थिएन । तर, यो पटक कर्णालीमा आएको छु ।'

यादवले पार्टी कमजोर हुनको कारण दोस्ती रहेको बताएका छन् । उनले भने,'माओवादीको दोस्ती फटाहरुसँग हुन थाल्यो । दोस्तीले गर्दा हामी हरेक हिसाबले फस्दै, बिग्रिँदै गएको अवस्था छ।'

यादवले पार्टीभित्र पनि विभिन्न खालका समस्याहरु रहेको बताए । 'अहिले पार्टीबाटै जितेर मेयर, वडाध्यक्ष बनेको व्यक्तिले पार्टीलाई नटेर्ने भयो,'उनले भने,'पार्टीप्रति हिजोको जस्तो अहिले सम्मान छैन ।'

यादवले बिहीबार नै जनयुद्धका सहिद परिवारहरुसँग पनि छलफल गरेका छन्।

यस्तै भदौ ४ गते प्रधानमन्त्री एवम् पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सुर्खेत आउने भएका छन् । पार्टीको प्रशिक्षण भेलालाई सम्बोधन गर्न उनी सुर्खेत आउने यादवले बताए ।

# वेथिति र विकृति अन्त्यको नेतृत्व पनि माओवादीले नै लिन्छ : प्रधानमन्त्री दाहाल

रामेछाप । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशमा रहेका विकृति र वेथिति अन्त्यको नेतृत्व पनि नेकपा (माओवादी केन्द्र) ले लिने बताउनुभएको छ ।

माओवादी केन्द्र दोरम्बा शैलुङ गाउँपालिकाले आज आयोजना गरेको २०औँ दोरम्बा हत्याकाण्ड स्मृति दिवस तथा श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै उहाँले देशको व्यवस्थामा परिवर्तन ल्याउने आन्दोलन थालेको माओवादीले नै भ्रष्टाचारको अन्त्य गर्ने बताउनुभयो ।

स्वाधीनता र अखण्डताका पक्षमा लडेको माओवादीले नै जनताको जीवनमा परिर्वतन ल्याउने उहाँको भनाइ थियो । उहाँले जनतासँग जोडिने घरघरमा माओवादी, जनजनमा माओवादी अभियान चलाउने बताउनुभयो

"अहिले देशमा धेरै वेथिति छन् । तीनको अन्त्य गर्ने नेतृत्व कसै न कसैले त लिनै पर्छ । यसको नेतृत्व हिजो जनताका अधिकार स्थापित गर्ने परिवर्तनका आन्दोलमा सहभागी भएका बलिदानीको कीर्तिमान कायम गरेका हामी माओवादीले लिनुपर्छ", प्रधानमन्त्री दाहालले भन्नुभयो ।

निर्वाचनका बेला 'व्यवस्था बदल्यौं, अब अवस्था बदल्छौं' भनेको स्मरण गर्दै उहाँले यसअघि जनताको अवस्था कसरी बदल्ने




भन्नेमा अन्योल भए पनि माओवादीले अब भने बाटो पहिल्याएको बताउनुभयो ।

"हिजो बन्दुक बोकेर एकात्मक, निरङ्कुशतामा रहेको देशमा समावेशी गणतन्त्र ल्याउन त सक्यौं, तर जनताले चाहेअनुसारको परिवर्तन हुन सकेको छैन", प्रधानमन्त्री दाहालले भन्नुभयो, "जनताको जीवनमा परिर्वतन ल्याउन अझ सङ्घर्ष गर्ने त भनियो तर बाटो भने अलमल थियो, जुन बाटो अहिले हामीले पहिल्याएका छौं ।" सरकारले सुशासनका पक्षमा गरेका काम र पार्टीले चलाएको जनतासँग माओवादी रूपान्तरण अभियानलाई जोडेर माओवादी र जनताबीचको सम्बन्ध नङ र मासुको जस्तै बनाइने उहाँको भनाइ छ ।

प्रधानमन्त्री दाहालले भन्नुभयो "हामी फेरिन चाहन्छौं, समाजवादको नयाँ आन्दोलनको रूपमा सरकार र पार्टी दुवै तर्फबाट अभियान सञ्चालन गर्छौं, यसमा सबैको साथ समर्थन आवश्यक छ ।"

जनयुद्धको नेतृत्वकर्ताको हैसियतले आफूले आन्दोलनका घाइते, अपाङ्ग शहीद र बेपत्तालाई सदैव सम्मान गर्दै आएको उहाँको भनाइ थियो । "प्रधानमन्त्री बनिसकेपछि जनयुद्ध र परिवर्तनका विभिन्न आन्दोलनमा शहीद बनेका माओवादी सेना, नेपाली सेना, प्रहरी र सबैलाई समान व्यवहार गर्दै राष्ट्रिय शहीद घोषणा गरिएको छ", उहाँले भन्नुभयो । रासस

## दोरम्बामा प्रधानमन्त्री प्रचण्ड

**टुडे समाचारदाता**



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' रामेछापको दोरम्बा पुगेका छन्। दोरम्बा स्मृति दिवस र पार्टीका अरू गतिविधिमा सरिक हुन प्रधानमन्त्री दोरम्बा पुगेका हुन्।

प्रधानमन्त्री प्रचण्डले नेकपा माओवादी केन्द्र, दोरम्बा थैलड गा.पा संगठन समितिले आयोजना गरेको २० औं दोरम्बा हत्याकाण्ड स्मृति दिवस तथा श्रदाञ्जली सभालाई सम्बोधन गरेका छन्।

प्रधानमन्त्रीसँगै माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्मा र बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल पनि दोरम्बा पुगेका छन्।

दोस्रो युद्धविरामकै सयमा आजकै दिन, साउन ३२ गते रामेछापको दोरम्बामा तत्कालीन नेपाली सेनाले २१ जना माओवादी छापामार हरूको हत्या गरेको थियो। युद्धविराम उल्लंघन गर्दै तत्कालीन जिल्ला जनसरकार प्रमुख बाबुराम लामासहित २१ जना कार्यकर्ता मारिएको सम्झनामा माओवादीले दोरम्बा स्मृति दिवस मनाउँदै आइरहेको छ।

# फिलिपिन्सको निर्वाचन प्रणालीसम्बन्धी कानुन निर्माणमा डा रिजाल सहभागी



काठमाण्डु । नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री डा मीनेन्द्र रिजाल फिलिपिन्सको एक प्रदेश बांसामोरोमा त्यहाँको प्रदेशसभाले निर्माण गर्न लागेको समावेशी निर्वाचन प्रणालीसम्बन्धी कानुन निर्माणमा एक परामर्शदाताका रूपमा सहभागी हुनुभएको छ ।

आफूले सो कानुन निर्माणका लागि एकजना अन्तर्राष्ट्रिय परामर्शदाताका रूपमा काम गरिरहेको डा रिजालले जानकारी दिनुभयो । लामो समयको द्वन्द्वपछि शान्ति प्रक्रियामा आएको फिलिपिन्सको बांसामोरो स्वायत्त मुस्लिम प्रदेश हो ।

यहाँ सन् २०२५ मा तोकिएको निर्वाचनका लागि हाल त्यहाँ समावेशी निर्वाचन प्रणालीको कानुन निर्माण भइरहेको छ । सोही कानुन निर्माणमा डा रिजाल सहभागी हुनुभएको हो ।

सो निर्वाचनमा विभिन्न आठवटा क्लस्टरको प्रतिनिधित्व गराउने गरी कानुन निर्माण गर्ने तयारी रहेको डा रिजालले जानकारी दिनुभयो । "महिला, युवा, उलामा (इस्लाम गुरु), सुल्तान र सुल्तानका प्रतिनिधि गैरमुस्लिम आदिवासी जनजाति, फिलिपिन्सको मूल प्रदेशबाट बसाइँ सरी यहाँ आएका बासिन्दासमेतको सहभागितामा निर्वाचन गराउने र सोहीअनुसार कानुन बनाउनुपर्ने जानकारी उहाँले दिनुभयो ।

सो परामर्शदाता समूहले त्यहाँका स्थानीय बासिन्दा, विभिन्न क्लस्टरका प्रतिनिधि, राजनीतिक नेतृत्व, मुख्यमन्त्री, सभामुखलगायतसँग आवश्यक छलफल र परामर्श गरिरहेको छ । सन् २०२५ मा हुने निर्वाचनमा सबै पक्षको सहभागिता गराउने काम चुनौतीपूर्ण रहेको र सोहीबमोजिमको निर्वाचन प्रणालीको कानुन निर्माणमा यहाँको नेतृत्व सचेत रहेको आफूले पाएको डा रिजालले बताउनुभयो ।

उहाँले बांसामोराका मुख्यमन्त्री अहोड बी इब्राहिम, त्यहाँका सभामुखलगायत शीर्षनेतासँग छलफल गरिरहनुभएको छ । पूर्वरक्षामन्त्रीसमेत रहेका डा रिजाललाई संसद् बैठक चलिरहेका बेला मुख्यमन्त्री इब्राहिमले निर्वाचन कानुनका लागि अन्तर्राष्ट्रिय परामर्शदाताका रूपमा डा रिजाल सहभागी भएको जानकारी गराएपछि सभामुखले संसद् बैठक स्थगित गरी सबै सांसदहरूसँग उहाँको परिचय गराउनुभएको थियो ।

संविधानसभा सदस्य तथा पूर्वसांसद रिजालले नेपालले पनि फिलिपिन्सबाट पाठ सिक्नुपर्ने बताउनुभयो । "नेपाल पनि द्वन्द्वबाट शान्ति प्रक्रियामा आएको देश हो । अझै हाम्रोमा द्वन्द्वको धङधडी गएको छैन । शान्ति प्रक्रियामा आएको छोटो समयमै फिलिपिन्सले देखाएको एकता र शान्तिप्रतिको प्रतिबद्धता नेपालका लागि उदाहरणीय बन्न सक्छ ।"

अमेरिकाको न्यूयोर्क युनिभर्सिटीबाट अर्थशास्त्रमा विद्यावारिधि गर्नुभएका रिजाल अध्यापनमा पनि संलग्न रही आउनुभएको छ । अन्तर ाष्ट्रिय कानुनका जानकार उहाँ विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा यसैगरी परामर्शदाता एवं विषयविज्ञका रूपमा सहभागी हुँदै आउनुभएको छ । रासस

# चिनियाँ लगानीकर्तालाई नेपालमा लगानी गर्न आग्रह

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले चिनियाँ लगानीकर्तासमक्ष नेपालमा थप लगानी गर्न आग्रह गर्नुभएको छ ।

चीन साउथ एसिया बिजनेस फोरमका तर्फबाट युनान प्रान्तको कुनमिङमा आयोजित चाइना (युनान) नेपाल इन्डस्ट्रियल को-अपरेसन प्रमोसन एन्ड इन्टरप्राइजेज बैठकलाई सम्बोधन गर्दै उहाँले प्राकृतिक स्रोत साधन, दक्ष जनशक्ति, बजार पहुँच र चीन तथा भारतसँग भएका सहुलियतपूर्ण व्यापार सम्झौताले नेपाल लगानी गन्तव्यका रूपमा विकसित भइरहेको बताउनुभएको नेपाल उद्योग वाणिज्य महासङ्घले जनाएको छ ।

अध्यक्ष ढकालले युनान र नेपालको मिल्दोजुल्दो भौगोलिक अवस्था तथा जलस्रोतलगायतका समान विशेषताका कारण पनि चिनियाँ लगानीकर्ताहरूका लागि नेपालमा लगानी सहज रहेको उल्लेख गर्नुभयो । उहाँले ऊर्जा, पर्यटन पूर्वाधार, यातायात, व्यापार सहजीकरण, साना तथा मझौला उद्योग, आइसिटी र कृषिजस्ता विविध क्षेत्रमा नेपालमा थप लगानीका आकर्षक अवसरहरू रहेको जानकारी चिनियाँहरूलाई गराउनुभयो ।

नेपालमा सञ्चालित बहुराष्ट्रिय कम्पनीले निरन्तर नाफा कमाएको उल्लेख गर्दै भारत, इयू र अन्य विकसित बजारमा नेपालले पाएको सहुलियतपूर्ण व्यापारिक पहुँचलाई लगानीकर्ताहरूले उपयोग गर्न सक्ने पनि अध्यक्ष ढकालले उल्लेख गर्नुभयो ।

अध्यक्ष ढकालले युनान र नेपालबीचको आर्थिक सम्बन्ध थप सुदृढ गर्ने, व्यापार र अन्तर सरकारी सम्पर्कलाई थप विस्तार गर्न पनि आह्वान गर्दै यसले लगानी, पर्यटन, व्यापार र औद्योगिक साझेदारीमा थप अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो ।

अध्यक्ष ढकालले चाइना साउथ एसिया एक्स्पोको नेपाल कन्ट्री प्याभिलियनमा नेपालको जीवन्त संस्कृति र लगानीको सम्भावना पहिचान गर्न सबै सहभागीहरूलाई निमन्त्रणासमेत गर्नुभएको थियो । त्यस बैठकमा उहाँले चिनियाँ 'ड्रागन बोट फेस्टिभल'मा सिचुआन एयरलाइन्सले हालै पोखराको पहिलो उडान गरेकाले नेपालमा चिनियाँ पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको बताउनुभयो ।

कार्यक्रममा चीन, नेपाल र दक्षिण एसियाली देशका विशिष्ट नेता, सरकारी अधिकारी, व्यवसायी र सञ्चारकर्मीको सहभागिता रहेको छ । रासस

## पार्टीका कार्यक्रम छरितो बनाउन एमालेले बनायो मापदण्ड

काठमाण्डु । नेकपा (एमाले) ले पार्टी र मातहतका सार्वजनिक कार्यक्रमलाई छरितो र व्यवस्थित बनाउन पाँच बुँदे मापदण्ड बनाएको छ ।

एमालेको यही साउन २९ गतेको सचिवालय बैठकले गरेको उक्त निर्णयबारे अन्तरपार्टी निर्देशन (सर्कुलर) जारी गरिने सो पार्टीका उपमहासचिव विष्णु रिमालले जानकारी दिनुभयो । पार्टीका कार्यक्रमको गरिमा र मर्यादालाई बढाउन पार्टीका कमिटी तथा जनसङ्गठनले आयोजना गर्ने सार्वजनिक कार्यक्रममा पार्टीका अध्यक्ष बाहेक अन्य नेताका तस्बिर प्रयोग नगर्ने, मञ्चको प्रयोग वक्ताले मात्र गर्ने, अतिथि तथा वक्तालाई दर्शक दीर्घामा नै मर्यादित ढङ्गले आसनको व्यवस्था मिलाउने र कार्यक्रमको अन्तिमसम्म आसन ग्रहण गराइने परम्परा अन्त्य गर्ने मापदण्ड बनाइएको छ । रासस

# राष्ट्रपति समक्ष राजदूतद्वयको ओहदाको प्रमाणपत्र प्रस्तुत



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेल समक्ष नेपालका लागि संयुक्त अधिराज्य र समाजवादी गणतन्त्र भियतनाममा नवनियुक्त राजदूतले आ-आफ्नो ओहोदाको प्रमाण पत्र प्रस्तुत गर्नुभएको छ ।

राष्ट्रपति भवनमा आज आयोजित बेग्ला-बेग्लै विशेष समारोहमा राष्ट्रपति समक्ष नेपालका लागि संयुक्त अधिराज्यका नवनियुक्त आवासीय राजदूत रोवर्ट डोमिनिक रुसेल फेन्न र भियतनामका गैर आवासीय राजदूत न्यूगेन थान्ह हाईले आ-आफ्नो ओहोदाको प्रमाणपत्र पेश गर्नुभएको राष्ट्रपति कार्यालयले जनाएको छ ।

समारोहमा परराष्ट्रमन्त्री नारायणप्रकाश साउदलगायत नेपाल सरकारका उच्चपदस्थ अधिकृत उपस्थितहुनुहुन्थ्यो।यसअधिनवनियुक्त राजदूतलाई लाजिम्पाटदेखि राष्ट्रपति भवनसम्म रिसल्लासहितको बग्गीमा सवार गराइएको थियो । रासस


## नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लि.

(बागमती प्रदेश, ललितपुर जिल्ला लपु.म.न.पा. वडा नं. १३, कुसुन्ती) को

### धितोमा रहेको अचल सम्पती लिलाम बिक्री गरि कर्जा चुक्ता गर्ने बारेमा ३५ दिने अत्यन्त जरूरी सूचना

**(प्रथम पटक सुचना प्रकाशित मितिः २०८०/०५/०१)**

यस संघबाट तपशिलमा उल्लेखित ऋणी संस्थाले व्यवसायिक प्रयोजनको लागि लगेको कर्जाको सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जाना रकम नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेकोले, सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनुपर्ने कर्जा रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गरी बसेको हुँदा, संघमा धितो सुरक्षण स्वरुप रहेको तपशिलमा लेखिएको अचल सम्पत्ति (जग्गा) जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी कर्जा रकम असुल उपर गर्ने बारे ३५ दिने सुचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र पनि कर्जा चुक्ता नगरे मा कर्जा सुरक्षणार्थ लेखिदिएको, कुनै किसिमको कानूनी झै झमेला नभएको, यस संघमा धितो सुरक्षण स्वरुप रहेको अचल सम्पती (जग्गा) सहकारी ऐन २०७४, नियमावली २०७५ तथा यस संघको ऋण/कर्जा लगानी तथा असुली सम्बन्धि विनियमावलीले दिएको अधिकार प्रयोग गरि यो सुचना प्रकाशित भएको मितिले ३६ औं दिन (उक्त दिन बिदा परेमा सोको भोलिपल्ट) तोकिएको समय अनुसार धितो लिलाम डाँक बढाबढ गरिने हुदाँ, ईच्छुक महानुभावहरुले यस संघको कार्यालयमा उपस्थित भई आफुले सकार गरी लिन चाहेको मूल्यमा बोलकबोल गर्नुहुन सुचित गरिन्छ । साथै सुरक्षणमा रहेको धितो (जग्गा) लिलाम बिक्रीबाट पनि यस संघको सम्पुर्ण रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसकेमा वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीहरुको वा निजहरुको एकाघर सगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ति तथा अन्य जायजेथा सम्पत्तिबाट सहकारी ऐन २०७४, नियमावली २०७५ तथा यस संघको ऋण/कर्जा लगानी तथा असुली सम्बन्धि विनियमावलीले दिएको अधिकार प्रयोग गरि असुल उपर गरी लिने तथा ऋणी संस्था, ऋणी संस्थाका पदाधिकारी तथा जमानीकर्ताहरुलाई कालो सुचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराईन्छ ।

**तपशिलः-**





**धितो लिलाम बिक्री हुने मिति :- २०८०/०६/०९ गते मंगलबार ।**

**लिलाम हुने स्थान तथा समय :- ललितपुर म.न.पा. वडा नं. १३, कुसुन्ती स्थित यस संघको कार्यालयमा बिहान १०.०० बजे देखि ४.०० बजेसम्म ।**

**ऋणी तथा धितो सम्बन्धी विवरणः-**

| ऋणीको नाम सहितको विवरण | धितोको विवरण |
|---|---|
| **नाम :- शिवगुरू बहुउद्देश्यीय सहकारी संस्था लि.**<br>**ठेगाना** :- साविक जनकपुर अञ्चल,धनुषा जिल्ला मिथिला न.पा. वडा नं. ०५, ढल्केबर (हाल मधेश प्रदेश, धनुषा जिल्ला, मिथिला न.पा.वडा नं.०५, ढल्केवर)<br>**दर्ता भएको कार्यालय** :- डिभिजन सहकारी कार्यालय, धनुषा<br>**दर्ता मिति** :- २०६९/०२/२८<br>**दर्ता नम्बर** :- १०१३/०६८/०६९<br>**पान नम्बर** :-६०१६५४३८९ | साविक जनकपुर अञ्चल, धनुषा जिल्ला, ढल्केबर-०५ (हाल मधेश प्रदेश धनुषा जिल्ला, मिथिला न.पा वडा नं. ०६ क) मा सञ्चालित शिवगुरु बहुउद्देश्यीय सहकारी संस्था लि.को नाउँमा मालपोत कार्यालय धनुषामा दर्ता कायम भएको साविक जनकपुर अञ्चल धनुषा जिल्ला,मिथिला न.पा वडा नं. ०६ क (हाल मधेश प्रदेश धनुषा जिल्ला,मिथिला न.पा वडा नं. ०६ क ) मा अवस्थित कि.नं. ५७० तथा क्षेत्रफल ७७०.४१ व.मि. भएको जग्गा। |

**संचालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण :-**

| | | |
|---|---|---|
| नाम : विरेन्द्र कुमार महतो<br>ठेगाना : धनुषा जिल्ला, लक्ष्मीनिवास वडा नं. ०५<br>बाबु : राम बहादुर महतो<br>बाजे : कंचन महतो<br>ना.प्र.नं : १४७८३११६<br>जिल्ला : धनुषा, जारी मिति : २०६२/१२/२१  | नाम : राम कुमार महतो<br>ठेगाना : धनुषा जिल्ला, ढल्केबर वडा न.०५<br>बाबु : राज देव महतो<br>बाजे : गोनर महतो<br>ना.प्र.नं : १७१०९७/८३५<br>जिल्ला : धनुषा, जारी मितिः २०६१/०१/०७  | नाम : तुलसा पोखरेल<br>ठेगाना : धनुषा जिल्ला, ढल्केबर वडा न.०३<br>बाबु : नन्दीकेसर पोखरेल<br>पति : विष्णु प्रसाद शर्मा<br>ना.प्र.नं : १७१०९६/१९१<br>जिल्ला : धनुषा, जारी मितिः २०६६/०२/१४  |
| नाम : संतोष कुमार महतो<br>ठेगाना : धनुषा जिल्ला, ढल्केबर वडा न.०५<br>बाबु : राम दुलार महतो<br>बाजे : सुर्य देव महतो<br>ना.प्र.नं : १०९६/८७०,<br>जिल्ला : धनुषा, जारी मिति :२०६९/०३/१७  | नाम : सुनिता देवी महतो<br>ठेगानाः धनुषा जिल्ला, ढल्केबर वडा न.०६<br>बाबु : विन्देश्वर प्रसाद महतो<br>बाजेः मोलाई महतो<br>ना.प्र.नं : ५२२६८९९९,<br>जिल्ला : धनुषा, जारी मिति : २०५४/०८/१६  | नाम : अजय कुमार महतो<br>ठेगाना : धनुषा जिल्ला, मिथिला, न.पा-७,<br>बाबु : विनोद कुमार महतो<br>बाजे : विल्टु महतो<br>ना.प्र.नं :१७-०१-७२-०३२४२<br>जिल्ला : धनुषा, जारी मिति : २०७२/०३/२२  |
| नाम : राम प्रताप महतो कोईरी<br>ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा-६, ढल्केबर<br>बाबु : भोला महतो कोईरी<br>बाजे : पलट महतो कोइरी<br>ना.प्र.नं : २४७८३२२७<br>जिल्ला : धनुषा, जारी मिति : २०४४/११/२२  | नाम : पवित्रा देवी महरा चमार<br>ठेगाना : धनुषा जिल्ला, यज्ञभुमि-५,<br>बाबु : शिवधर महरा चमार<br>पति : सुवरण दास चमार<br>ना.प्र.नं : १७३०९७/११६ जिल्ला : धनुषा, जारी मिति : २०५६/०७/२८  | नाम : ठकाई महतो<br>ठेगाना : धनुषा जिल्ला, ढल्केबर-०६<br>बाबु : सर्जुग महतो<br>बाजे : मनु लाल महतो<br>ना.प्र.नं : २५६६२०५५<br>जिल्ला : धनुषा, जारी मिति : २०६९/०८/१४  |
| नाम : राधा देवी पुर्वे<br>ठेगाना : धनुषा जिल्ला बेगाडावर - ०४<br>बाबु : तालेश्वर साह<br>पति : जय कुमार पुर्वे<br>ना.प्र.नं : १७३०९७/६५४<br>जिल्ला : धनुषा, जारी मिति : २०६३/१०/२३  | | |

**लिलामका शर्तहरु :**

(१) धितो लिलामको डाँक बढाबढ हुने तोकिएको दिन सहकारी बिदा परेमा वा सरकारी बिदा परेमा त्यसको लगत्तै संघको कार्यालय खुलेको दिन लिलाम कार्य हुनेछ ।

(२) धितो लिलाम डाँक बढाबढमा सबैभन्दा बढी बोलकवोल गर्ने व्यक्तीले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौटी वापत तुरुन्त यस संघमा बुझाउनु पर्नेछ ।

(३) लिलाम सकार गर्ने व्यक्तीले संघबाट लिलाम निश्चितताको सुचना पाएको ३० दिन भित्र बाँकी रकम बुझाई अचल सम्पती बुझि नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत जफत हुनेछ ।

(४) लिलाम सकार गर्ने व्यक्तीले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोही दिन नबुझाएमा निज पछि सबै भन्दा बढी रकम बोलकबोल गर्ने व्यक्तीको नाममा लिलाम सदर गरिनेछ ।

(५) डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्तीलाई अचल सम्पत्ती दिने वा नदिने सम्पूर्ण अधिकार संघमा सुरक्षित रहनेछ ।

(६) लिलाम बिक्री हुने धितो (जग्गा) को सम्बन्धित कागजातहरू हेर्न चाहनु हुने व्यक्तिहरूले यस संघमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

(७) लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयंले नै व्यहोर्नु पर्नेछ ।

(८) सहकारी ऐन २०७४, नियमावली २०७५ तथा यस संघको ऋण/कर्जा लगानी तथा असुली सम्बन्धी विनियमावली अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उक्त सम्पत्तीको स्वामित्व संघ आफैले लिन सक्नेछ ।

(९) संघमा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पुर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा जमानीको नाँउमा रहेको नेपाल राज्यभरको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ ।

विस्तृत जानकारीको लागिः

**नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लि.**
बाग्मती प्रदेश, ललितपुर जिल्ला लपु.म.न.पा. वडा नं.१३, कुसुन्ती, चक्रपथ (यातायात कार्यालयको ठीक अगाडी)
फोन नं. ५५४६९२३, फ्याक्सः ५५४६६०८
ईमेलः nemccu@gmail.com
वेबसाईटः www.nemccu.com.np

# मलेसियामा विमान दुर्घटना हुँदा दश जनाको मृत्यु

एएफपी

क्वालालम्पुर । मलेसियाको मध्य सेलान्गोर राज्यमा बिहीबार एक सानो विमान सडकमा ठोक्किँदा विमानमा सवार आठ जना र सडकमा मोटरसाइकल र कारमा सवार दुई जनाको घटनास्थलमै मृत्यु भएको स्थानीय प्रहरी प्रमुखले बताएका छन् ।



स्थानीय प्रहरी प्रमुख मोहम्मद इक्बाल इब्राहिमले भन्नुभयो, “दुर्घटनामा विमानमा सवार आठ जनासँगै कारमा र मोटरसाइकलमा सवार एक-एक जना गरी १० जनाको मृत्यु भएको छ ।”

मृत्यु हुनेमा मध्य पाहाङ राज्यका आवास तथा वातावरण हेर्ने राज्य सभा सदस्य जोहरी हारुन पनि रहेको प्रहरीले जनाएको छ । मलेसियाको नागरिक उड्डयन प्राधिकरणले एक विज्ञप्ति जारी गर्दै विमानमा छ जना यात्रु र दुई जना चालक दलका सदस्य रहेको जनाएको छ।

नागरिक उड्डयन प्राधिकरणका प्रमुख नोराजमान महमुदका अनुसार विमान उत्तरी रिसोर्ट टापु लाङकावीबाट राजधानी क्वालालम्पुरको पश्चिममा रहेको सुल्तान अब्दुल अजिज शाह विमानस्थलतर्फ उडेको थियो । हवाई दुर्घटनाबारे ब्युरोले तत्काल अनुसन्धान सुरू गर्ने उहाँले बताउनुभयो।

मलेसियाली वायु सेनाका पूर्व सदस्य मोहम्मद स्याहमी मोहम्मद हाशिमले भन्नुभयो, “विमान अनियमित रुपमा उडिरहेको आफूले देखेको र त्यसको केही समयपछि ठूलो आवाज सुनिएको थियो ।” उनले पत्रकारहरूसँग भने । उहाँले भन्नुभयो, “म घटनास्थलतर्फ गएँ र एउटा विमानको अवशेष देखेँ। मैले एउटा मानव शरीरमा आगो लागेको पनि देखें। तर आगो जलिरहेकोले मैले केही गर्न सकिनँ ।”

अन्य प्रत्यक्षदर्शीका अनुसार विचक्राफ्ट मोडेल ३९० शाह आलमको उपनगर नजिकै एल्मिना इस्टेटको जमिनमा ठोक्किँदा आगो लागेको थियो ।

# इरान- साउदी सम्बन्ध सामान्य बन्दै, इरानी विदेशमन्त्री रियादमा

एएफपी

तेहरान । इरानका विदेशमन्त्री हुसेन अमिर अब्दुल्लाहियान साउदी अरबको औपचारिक भ्रमणका क्रममा रियाद पुग्नुभएको छ। तेहरान र रियादबीचको सात वर्ष लामो तिक्ततापूर्ण सम्बन्धमा सुधार आएसँगै इरानी विदेशमन्त्रीको यो पहिलो साउदी भ्रमण हो।

विदेशमन्त्री अब्दुल्लाहियानको एक दिवसीय भ्रमण द्विपक्षीय सम्बन्ध, क्षेत्रीय र अन्तरराष्ट्रिय मुद्दामा केन्द्रित रहने इरानका सरकारी सञ्चार माध्यमले जनाएका छन्। चीनको अग्रसरतामा लामो समयदेखिका प्रतिद्वन्द्वीहरूले गत मार्चमा कूटनीतिक सम्बन्ध पुनःस्थापना गर्न र आ-आफ्ना राजदूतावास एक अर्काका राजधानीमा पुनःसञ्चालन गर्न ऐतिहासिक सहमतिपछि गरेसँगै द्विपक्षीय भ्रमण आदानप्रदानको शृङ्खला प्रारम्भ भएको छ।

गत जुनमा साउदी अरबका राजकुमार एवं विदेशमन्त्री राजकुमार फैसल बिन फरहानले इरानको भ्रमण गरेका थिए । सोही महिनाको सुरुमा इरानले झण्डा फहराएर रियादमा आफ्नो दूतावास पुनः खोलेको थियो।

सन् २०१६ मा सिया धर्मगुरु निम्र अल-निम्रलाई रियादले फाँसी दिएको विरोधमा इस्लामिक गणतन्त्रमा साउदी कूटनीतिक नियोगमा आक्रमण भएपछि शिया बहुल इरान र सुन्नी मुस्लिम साउदीले कूटनीतिक सम्बन्ध विच्छेद गरेका थिए।

इरान र साउदी अरबले वर्षौंदेखि मध्यपूर्व द्वन्द्वमा विपक्षी पक्षलाई समर्थन गर्दै आएका छन् । इरानले हालैका महिनामा साउदी अरब र कुवेतसँग प्राकृतिक ग्यास भण्डार रहेको क्षेत्रलाई लिएर विवाद गरिरहेको छ । साउदी र कुवेतले उक्त क्षेत्रमा आफूहरूको ‘एकमात्र स्वामित्व’ रहेको दावी गर्दै आएको छ। उक्त क्षेत्रको विवाद वार्ताको माध्यमबाट समाधान नभए तटीय क्षेत्रको आफ्नो अधिकार उपभोग गर्ने चेतावनी दिएको छ।

सन्दीप लामिछानेविरूद्ध बलात्कार मुद्दामा अदालतको आदेश

# पीडितकी आमाको जन्ममिति यकिन गर्नू

टुडे समाचारदाता

काठमाण्डु । जिल्ला अदालत काठमाण्डुले बलात्कार अभियुक्त क्रिकेटर सन्दीप लामिछानेको मुद्दामा पीडितकी आमाको जन्ममिति यकिन गर्न आदेश दिएको छ । बिहीबार न्यायाधीश राजुकुमार खतिवडाको इजलासले पीडितकी आमाको जन्ममिति यकिन गर्न आदेश दिएको सन्दीपका वकिल मुरारी सापकोटाले जानकारी दिए।

‘बिहीबारदेखि निरन्तर सुनुवाई गर्ने भनिएको थियो। तर पीडितको उमेर सम्बन्धी कागजातमा उनकी आमाकै उमेर दुईवटा देखिएपछि इजलासले पीडितकी आमाको जन्ममिति यकिन गर्न आदेश दिएको छ,’ उनले भने ।

गत फागुन १५ गते फास्ट ट्र्याकबाट सन्दीपविरूद्धको मुद्दा किनारा लगाउन सर्वोच्च अदालतले आदेश दिएको थियो। त्यसपछि कैयौं पटक मुद्दा सुनुवाइका लागि पेशी चढेपनि स्थगित भएका थिए । लामिछाने विश्वकप छनोट खेल्न जिम्बावे गएपछि मुद्दाको सुनुवाई रोकिएको थियो। उनी फर्किएलगत्तै मुद्दाको सुनुवाइ सुरू हुन लागेको हो । राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तानसमेत रहेका सन्दीपविरूद्ध भदौ २१ गते एक किशोरीले आफूमाथि जबरजस्ती करणी गरेको भन्दै गौशाला प्रहरी वृत्तमा जाहेरी दिएकी थिइन् ।



प्रहरीमा जाहेरी दर्ता हुँदा सन्दीप क्यारेबियन प्रिमियर लिग खेल्न वेस्ट इन्डिजमा थिए। घटनापछि नेपाल क्रिकेट संघ(क्यान)ले सन्दीपलाई निलम्बन गरेको थियो । वेस्ट इन्डिजमा रहेका सन्दीप नफर्केपछि नेपाल प्रहरीको आग्रहमा असोज१० गते इन्टरपोलले डिफ्युजन नोटिस जारी गरेको थियो। इन्टरपोलमा नोटिस जारी भएपछि असोज २० गते नेपाल फर्किएका सन्दीप विमानस्थलबाटै पक्राउ परेका थिए ।

मुद्दाको प्रारम्भिक सुनुवाइ गर्दै काठमाडौं जिल्ला अदालतले कात्तिक १८ गते सन्दीपलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो । जिल्ला अदालतको आदेशविरूद्ध सन्दीपले उच्चमा पुनरावेदन दिएका थिए। पुस २८ गते उच्चले उनलाई २० लाख धरौटीमा सशर्त रिहा गरेको थियो । विदेश जान नपाउने, काठमाडौं उपत्यका छाड्न परे पनि प्रहरीलाई खबर गर्नुपर्ने, पीडित किशोरीसँग प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सम्पर्क गर्न नपाउनेलगायत सर्त राखेर उच्चले सन्दीपलाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो।

उच्च अदालतको आदेशविरूद्ध महान्यायाधिवक्ताको कार्यालय र सन्दीप लामिछाने सर्वोच्च पुगेका थिए । क्रिकेट खेल्न विदेश जान पाउनुपर्ने माग सहित सन्दीपले फागुन १२ गते शुक्रबार सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए। महान्यायाधिवक्ताको कार्यालयले सन्दीपलाई थुनामै राखेर मुद्दाको पुर्पक्ष गर्नुपर्ने माग राखेको थियो ।

सन्दीप र महान्यायाधिवक्ताको कार्यालयले दिएको निवेदनबारे एकसाथ सुनुवाइ गर्दै सर्वोच्चले फागुन १५ गते उच्च अदालत पाटनको आदेश सदर गर्दै सन्दीपलाई क्रिकेट खेल्न विदेश जाने अनुमति दिएको थियो । सर्वोच्चले मुद्दालाई चाँडोभन्दा चाँडो किनारा लगाउनसमेत भनेको थियो ।

# झण्डै एक लाख श्रीलङ्काली खडेरीको चपेटामा

सिन्ह्वा

कोलम्बो । पचास हजारभन्दा बढी श्रीलङ्काली परिवार खडेरीको चपेटामा परेका छन् । श्रीलङ्काका नौ प्रान्तमध्ये आठ प्रान्तका ५० हजारभन्दा बढी परिवार खडेरीको चपेटामा परेका विपद् व्यवस्थापन केन्द्र ९डिएमसी० ले जनाएको छ ।

डिएमसीले बिहीबार सार्वजनिक गरेको आफ्नो पछिल्लो प्रतिवेदनमा सुक्खा मौसमका कारण खानेपानीको अभावमा एक लाख ८० हजारभन्दा बढी प्रभावित भएका उल्लेख गरिएको छ । सुक्खाबाट उत्तरी र पूर्वी प्रदेश सबैभन्दा बढी प्रभावित भएका छन् ।

यसअघि कृषिमन्त्री महिन्दा अमरवीराले खडेरीका कारण ३७ हजार एकड धान खेती नष्ट भएको बताएका थिए । कृषकलाई क्षतिपूर्ति दिनुपर्ने भन्दै कृषि अधिकारीहरूले क्षतिको मूल्याङ्कन गरिरहेका छन् । श्रीलङ्काको मौसम विज्ञान विभागका अनुसार दक्षिणपश्चिम मनसुन असफलताका कारण सुक्खा मौसम सेप्टेम्बरको अन्त्यसम्म जारी रहनेछ ।

# न्यायाधीशलाई हत्याको धम्की दिने महिला पक्राउ

एएफपी

ह्युस्टन । पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२० को चुनावलाई उल्टाउने षड्यन्त्र गरेको मुद्दाको सुनुवाइ गर्ने समितिको अध्यक्षता गरिरहेकी न्यायाधीशलाई हत्याको धम्की दिएकी टेक्सासकी एक महिला पक्राउ !परेकी छन् ।



यही अगस्ट ५ मा अबिगेल जो श्रीले सङ्घीय न्यायाधीश तान्या चुटकनको वासिङ्टन कार्यालयमा उनलाई हत्या गर्ने फोन सन्देश छोडेको अभियोगमा गृहमन्त्रालय अन्तर्गतका सुरक्षा निकायले उनलाई आज पक्राउ गरेका हुन् । ‘डिपार्टमेन्ट अफ होमल्याण्ड सेक्युरिटीको एजेन्ट’ले दायर गरेको उजुरीका आधारमा उनलाई पक्राउ गरिएको हो । टेक्सासको एल्विनकी ४३ वर्षीया जो श्रीले अश्वेत न्यायाधीश चुटकनलाई ‘मूर्ख काली ! तिमी दास हौ तिमी हाम्रो निगरानी छौ, हामी तिम्रो हत्या गर्न चाहन्छौँ,’ जातीय एवं रङ्गभेदयुक्त सन्देशमा भनेकी छन् ।

दक्षिणी टेक्सासकोसङ्घीय जिल्ला अदालतमा श्रीलेविरुद्ध दायर गरिएको मुद्दामा ‘यदि ट्रम्प २०२४ मा निर्वाचित भएनन् भने हामी तिमीलाई मार्नेछौँ, त्यसैले सावधान रहनू’, चुटकनको परिवार पनि आक्रमाण्को निशाना रहेको सन्देशमा उल्लेख गरिएको जनाइएको छ ।

श्रीले टेक्सासकी अश्वेत सांसद शीला ज्याक्सन लीको नाम दिएर ट्रम्पलाई सताउने जो कोहीलाई मार्ने धम्की पनि दिएकी छन् । आजै उनलाई पक्राउ गरी अदालतमा पेश गर्न आदेश दिइएको छ ।

सतहत्तर वर्षीय ट्रम्प २०२४ को चुनावमा रिपब्लिकन पार्टीको अग्रपङ्क्तिमा छन् । यद्यपि उनको ह्वाइट हाउसतर्फ दोस्रो यात्रा त्यति सहज छैन किनभने उनले चारवटा आपराधिक मुद्दाको सामना गर्नु परेको छ । जमैकामा जन्मेकी न्यायाधीश चुटकनलाई पूर्वडेमोक्रेटिक राष्ट्रपति बराक ओबामाले नियुक्त गरेका हुन् । उनको नियुक्तिलाई सिनेटले सर्वसम्मतिले अनुमोदन गरेको थियो । दुई वर्ष पहिले अमेरिकी संसद्मा आफ्ना समर्थकलाई परिचालन गरी अघिल्लो वर्षको निर्वाचमा आफ्ना प्रतिद्वन्द्वी डेमोक्र्याट उम्मेदवार जो बाइडेन पराजित भएको र आफूले चुनाव जितेको भन्दै पद हस्तान्तरण गर्न अस्वीकार गरेको तथा त्यहाँ आक्रमण गराएको मुद्दाको न्यायाधीश चुटन नेतृत्वको टोलीले सुनुवाइ गर्दैछ ।

राष्ट्रपतीय निर्वाचन सम्पन्न भएको ६४ दिनपछि सन् २०२१ को जनवरी ६ मा संसद्मा ट्रम्प समर्थक भीडले आक्रमण गर्दा सात जनाको ज्यान गएको थियोभने संसद्का सुरक्षा कर्मचारी, वासिङ्टन महानगर प्रहरी स्थानीय निकायका एक सय ५० जना अधिकारी घाइते भएका थिए । ट्रम्प समर्थक भीडले संसद्मा पसेर अन्धाधुन्ध आक्रमण गरेको थियो ।

# ब्याडमिन्टन एसिया क्षेत्रीय प्रतियोगितामा ६ देशका ५२ खेलाडी भिड्दै




टुडे समाचारदाता

काठमाण्डु । ब्याडमिन्टन एसियाको आयोजना तथा नेपाल ब्याडमिन्टन संघको तत्वावधानमा ब्याडमिन्टन एसिया (दक्षिण एसिया) क्षेत्रीय जुनियर च्याम्पियनसिप २०२३ भोलि भदौ १ गतेदेखि हुने भएको छ । अल्पविकसित राष्ट्रहरुमा ब्याडमिन्टन खेलको विकास र विस्तार गर्ने उद्धेश्यले ब्याडमिन्टन एसियाले संचालन गर्ने प्रतियोगितामा यु-१५ र यु-१७ गरि दुई क्याटेगोरीमा हुने स्पर्धामा छात्र एकल, छात्रा एकल, छात्र युगल, छात्रा युगल र मिक्स गरि ५-५ विधा र छात्र तथा छात्राको टिम च्याम्पियनसिप गरि १२ विधामा प्रतिस्पर्धा हुने पत्रकार सम्मेलनमा जानकारी गराइयो । नेपाल एपिएफको हलचोकस्थित कभर्डहलमा हुने प्रतियोगिता नेपालसहित भुटान, श्रीलङ्का, बंगलादेश, माल्दिभ्स र पाकिस्तान गरी ६ राष्ट्रका कुल ५२ खेलाडीहरुले प्रतिस्पर्धा गर्ने छन् ।

जसमा छात्र तथा छात्रा तर्फ गरि २६-२६ खेलाडीहरु रहेका छन्। प्रत्येक राष्ट्रबाट ८-८ खेलाडी तथा नेपालबाट १६ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। आयोजकको हैसियतले नेपाली खेलाडीहरुले एक विधामा ३ खेलाडीले स्पर्धा गर्न पाउनेछन् भने अन्य राष्ट्रबाट २ खेलाडीले स्पर्धा गर्न पाउनेछन् ।

यो प्रतियोगिता ओलम्पिक छात्रबृत्तीका लागि खेलाडी छनोटको आधार समेत रहेको र प्रत्येक देशबाट एक महिला र एक पुरष खेलाडी छनौट गरि मलेसियामा आयोजना हुने ओलम्पिक छात्रबृत्ती प्रतियोगितामा स्पर्धा पश्चात छात्रबृत्तीको लागि खेलाडी छनौट हुने ब्याडमिन्टन एशियाका बिकास ब्यवस्थापक सामबेन्थन शिभपेरुमलले पत्रकार सम्मेलनमा जानकारी गराए ।

अर्का विकास ब्यवस्थापक थानाबालन अरिकृष्णनले एशियामा ब्याडमिन्टनको विकास र विस्तार गर्न के कस्ता कार्यक्रमहरु हुनु पर्ने भन्ने छलफल र महिलालाई ब्याडमिन्टनमा आकर्षण गर्ने कार्यक्रम तर्जुमा गर्नका लागि ब्याडमिन्टन एशियाले यो कार्यक्रम संचालन गरेको बताए ।

ब्याडमिन्टन एशियाले एशियाका अल्पबिकसित राष्ट्रहरुलाई चार क्षेत्रमा विभाजन गरेर कार्यक्रम आयोजना गर्न लागिएको ब्याडमिन्टन एशियाका कार्यक्रम ब्यवस्थापक एजी यिन मुनले जानकारी गराईन् ।

# सहायताकर्मीमाथिको हिंसा नरोकिएकामा राष्ट्रसङ्घ चिन्तित



एएफपी

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्ट्रसङ्घले मानवीय सहायताकर्मीमाथिको हिंसा नरोकिएकामा चिन्ता व्यक्त गरेको छ । इराकको राजधानी बग्दादस्थित राष्ट्रसङ्घीय कार्यालयमा २० वर्षअघि भएको घातक हमलाको सन्दर्भमा उक्त विश्वसंस्थाले सहायताकर्मीमाथि आक्रमण नरोकिएकामा चिन्ता व्यक्त गरेको हो । यो वर्ष संसारभरि ६२ जना मानवीय सहायताकर्मीले विभिन्न आक्रमणमा परी ज्यान गुमाएको जनाएको छ ।

राष्ट्रसङ्घ हरेक वर्ष अगस्ट १९ मा बग्दादमा भएको आत्मघाती बम विष्फोटको सम्झनामा विश्व मानवीय दिवस मनाउँदै आएको छ । उक्त आक्रमणमा २२ जनाको ज्यान गएको थियो । आक्रमणमा तत्कालीन मानवअधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त र इराकका लागि राष्ट्रसङ्घका प्रमुख सर्जियो भिइरा डे मेलोले ज्यान गुमाएका थिए ।

यस वर्ष विश्वका द्वन्द्वग्रस्त क्षेत्रमा ६२ जनाको मृत्यु हुनुका साथै अन्य ८४ सहायताकर्मी घाइते भएका र ३४ जना अपहरणमा परेका छन् ।


केही वर्षदेखि दक्षिण सुडानलाई सहायता कार्यकर्ताका लागि विश्वको सबैभन्दा जोखिमपूर्ण स्थान बनेको छ । त्यहाँ मानवीय सहायता कर्मचारीहरूमाथि ४० पटक आक्रमण भएका तथा तिनमा परी २२ जनाको ज्यान गएको मानवीय मामिलासम्बन्धी राष्ट्रसङ्घीय कार्यालयले जनाएको छ । मध्यअफ्रिकी गणतन्त्र, माली, सोमालिया, युक्रेन र यमनमा पनि मानवीय सहायताकर्मी मारिएका छन् । यसरी मारिनेमा ९० प्रतिशतभन्दा बढी स्थानीयवासी हुन् ।

तत्कालीन राष्ट्रपति सद्दाम हुसेनलाई सत्ताच्युत गर्ने अमेरिकी नेतृत्वको आक्रमणको अराजकताको बीचमा सन् २००३ मा भएको त्यो विस्फोटमा ब्राजिलका भिइरा डे मेलो सहित २२ जनाको ज्यान गएको थियोभने करिब १५० स्थानीय र अन्तरराष्ट्रिय सहायताकर्मी घाइते भएका थिए ।

# अग्निपीडितलाई भेट्न राष्ट्रपति जो हवाई जाने

एपी

वासिङ्टन । राष्ट्रपति जो बाइडेन र प्रथम महिला जील बाइडेन हवाईको भ्रमणमा जानुहुने भएको छ । विपक्षीहरूको तीक्ष्ण आलोचनापछि राष्ट्रपति अग्निपीडितलाई भेट्न तथा हालैको भीषण डढेलोबाट भएको वस्तुस्थितिबारे जानकारी लिन आगामी सोमबार हवाई भ्रमणमा जान लाग्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ । आगामी साता आगालागी भएको स्थलबाट भग्नावशेष हटाइसकिने अपेक्षा गरिएको छ ।



हवाई टापुको माउई जङ्गलमा लागेको डढेलो यही साउन २३ गते बस्तीसम्म फैलिँदा एक सय छ जनाको मृत्यु भएको छभने केयौँ घाइते भएका छन् । सबै मृतकको सनाखत हुन सकेको छैन । पर्यटकीयस्थल लहाइना र मौवीका भौतिक संरचना खरानीमा परिणत भएका छन् ।

झण्डै १३ हजार घरमा क्षति भएको छ । दुई हजार दुई सयभन्दा बढी भौतिक संरचना नष्ट भएका तथा पाँच अर्ब ५० करोडभन्दा अधिकको धनमाल नोक्सानी भएको सरकारी अधिकारीहरूले बताएका छन् ।

सङ्घीय सरकारले छ सयभन्दा अधिक कर्मचारी परिचालन गरेर प्रभावित स्थलमा आवश्यक व्यवस्था गरिरहेको छ भने पचास हजारभन्दा बढी अग्निपीडितलाई भोजनको प्रबन्ध गरिएको, ७५ हजार लिटर स्वच्छ पेयजल, पाँच हजार खाट र दश हजार सिरक डसनाको प्रबन्ध गरिएको राष्ट्रपति कार्यालयका प्रवक्ताले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

प्रचण्ड गर्मीमा ठूलो विपत्ति बनेर आउने वन डढेलो टापुराज्य हवाईका निम्ति अभिषाप बनेको छ ।

दशकौँमा हुने यो प्राकृतिक विपत्तिमा सुनामीमा भन्दा धेरैले ज्यान गुमाएका छन् । सन् १९६० को सुनामीमा ६१ जनाको मृत्यु भएको थियो भने त्यसको १४ वर्षअघिको सुनामीमा भने एक सय ६० जनाले ज्यान गुमाएका थिए ।

# डुङ्गा दुर्घटनामा त्रिसट्ठीभन्दा बढीको मृत्यु भएको आशङ्का

एएनआई

प्रिया । आन्ध्र महासागरको मध्यभागमा अवस्थित टापु देश केप भर्डेमा डुङ्गा पल्टिँदा ६३ जनाभन्दा बढीको मृत्यु भएको आशंका गरिएको छ भने अन्य ३८ जनाको उद्धार गरिएको अन्तरराष्ट्रिय आप्रवासन सङ्गठन (आईओएम) अधिकारीहरूलाई उद्धृत गर्दै अल जजीराले जनाएको छ ।

गत महिना सेनेगलबाट आप्रवासी बोकेर युरोपका निम्ति हिँडेको डुङ्गा केप भर्डेको जलक्षेत्रमा दुर्घटनाग्रस्त भएको माछा समाउन समुद्रमा तल्लीन स्पेनी माझीले देखेका थिए ।

।। हार्दिक समवेदना ।।



स्व. रामचन्द्र साह

श्री धर्मसंस्थाको सभापति तथा वरिष्ठ समाजसेवी **रामचन्द्र साह**को मिति २०८०/०४/३२ गते बेलुका ६:३० बजे देहावसान भएको खबरले हामी अत्यन्त मर्माहत भएका छौ ।असिम शोकको घडीमा दिवंगत आत्माको चीरशान्तिको कामनागर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौ ।

श्री धर्म संस्था (रामस्वरूप साह , रामसागर साह)
मिल्स एरिया जनकपुरधाम-१ परिवार



तारकेश्वर नगरपालिका-५ स्थित गोलढुङ्गाका किसानले व्यावसायिक रुपमा गरेको तरकारी खेतीका टनेल र वरिपरि रहेको धान खेती । तस्विर : रासस

# ‘नेपालमा नै केही हुन्छ र गर्न सकिन्छ भन्ने भावना जगाउनु जरुरी छ’



काठमाण्डु । देशभित्रै केही हुन्छ र गर्न सकिन्छ भन्ने आत्मविश्वास जगाउने उद्देश्यका साथ नेकपा (माओवादी केन्द्र)ले विषयगत विज्ञसँग सुझाव मागेको छ । सो पार्टीको अर्थ तथा योजना विभागले वर्तमान आर्थिक अवस्थाको सुधारका लागि सरकारले गर्नुपर्ने कामका विषयमा क्षेत्रगत विज्ञहरुसँग सुझाव लिएको हो ।

‘मुलुकको आर्थिक विकासको मोडल र विकास कार्यक्रम’ विषयक अन्तरक्रियाको आयोजना गरी कृषि, पर्यटन, ऊर्जा, जलस्रोत, सूचना प्रविधि, सहकारी, भौतिक पूर्वाधार, खानेपानी, इञ्जीनियरिङ, जलस्रोत र वाणिज्यसहित विभिन्न क्षेत्रका जानकारसँग सुझाव लिएको हो ।

माओवादीको अर्थ तथा योजना विभाग प्रमुख एवं पूर्वअर्थमन्त्री वर्षमान पुनले देशमै अवसर सिर्जना गरी योग्य श्रमशक्ति पलानयको चक्रलाई रोक्नुपर्ने बताउनुभयो। औद्योगीकरणमार्फत रोजगारी सिर्जना गरेर कामका लागि युवा विदेशिने क्रम रोक्नुपर्ने उहाँको भनाइ छ।

“औद्योगिकीकरणमार्फत उत्पादन बढाउने र रोजगारी सिर्जना गर्ने कार्यक्रममा जोड दिनुपर्छ” माओवादी केन्द्रका उपमहासचिव समेत रहनुभएका उहाँले भन्नुभयो “श्रमशक्तिको निर्यात होइन, श्रमशक्तिको स्वदेशमै उपयोग गर्ने नीतिमा जान ढिलाइ भइसकेको छ ।” नेता पुनले कमजोर व्यवस्थापन, सुशासनको अभाव, उपयुक्त नीति र अनुगमनको अभावमा धारासायी बन्दै गएका सार्वजनिक संस्थान बचाउन सरकारको ध्यान जानुपर्ने उल्लेख गर्नुभयो। पुनले नेपालमा केही पनि हुँदैन भन्ने गलत भाष्य स्थापित गर्न खोजिएको भन्दै गरे के हुँदैन भन्ने आत्मविश्वास जगाउन जरुरी रहेको बताउनुभयो । आफू अर्थमन्त्री भएका बेला समस्याग्रस्त अवस्थामा रहेका सरकारी स्वामित्वका नेपाल बैंक, कृषि विकास बैंक र बाणिज्य बैंकलाई बचाउन भूमिका खेलेको समेत उहाँले स्मरण गर्नुभयो । तत्कालीन अवस्थामा करिब बन्द हुने अवस्थामा रहेकी तीनवटै सरकारी बैंकलाई पुँजी वृद्धि गरेर जोगाइएको तथ्य पेस गर्दै उहाँले हाल कमजोर अवस्थामा रहेका सार्वजनिक संस्थान बचाउन पनि केही न केही नयाँ नीतिगत फड्को हान्नुपर्नेमा जोड दिनुभयो।

कमजोर व्यवस्थापनमा चलेका सार्वजनिक संस्थानलाई बचाउन केही न केही नयाँ नीतिमा हामी जानैपर्ने उल्लेख गर्दै उहाँले स्वदेशमै पर्याप्त रोगजारीको अवसर वृद्धि नगरी समाजवादमा जान सम्भव नरहेको स्पष्ट पार्नुभयो। मुलुकको समग्र आर्थिक विकासका लागि सार्वजनिक, निजी र सहकारीको तीन खम्बे अर्थनीतिलाई आत्मसात गरी पुँजीको सही उपयोगमार्फत उत्पादन बढाउनेतिर ध्यान दिनुपर्ने नेता पनको भनाइ थियो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठले पहिलोदेखि १५औँ पञ्चवर्षीय योजनासम्मका धेरै योजना असफल भएको दृष्टान्त प्रस्तुत गर्दै नयाँ योजनामा गुणात्मक परिवर्तन गर्नुपर्ने बताउनुभयो । तयार हुँदै गरेको १६औँ पञ्चवर्षीय योजनामा विगतका असफलताबाट सिकेर अति महत्वाकांक्षी योजना समेट्न नहुने उहाँको भनाइ छ । कार्यक्रममा विज्ञहरुले विदेशमा रहेका नेपालीलाई मताधिकार दिने विषयमा सरकारले छिट्टै प्रक्रिया अघि बढाउनुपर्ने, विद्युत् निर्यातलाई नभइ स्वदेशमै खपत बढाउने गरी औद्योगीकरण गरिनुपर्ने, श्रमशक्ति निर्यात गर्ने नभइ उपयोग गर्ने नीति अख्तियार गरिनुपर्ने, उत्पादन वृद्धि गरी रोजगारीको अवसर सिर्जना गर्ने कार्यक्रम अघि सारिनुपर्ने जस्ता सुझाव दिएका थिए ।

लगातार रुपमा वार्षिक बजेटले निर्धारण गरेको आर्थिक वृद्धिको लक्ष्य हासिल हुन नसक्नुको कारणबारे राष्ट्रियस्तरमै समीक्षा हुनुपर्नेसहभागीको भनाइ थियो ।रासस

# नेपालको बिजुली बङ्गलादेश बिक्रीका लागि सहमति, पहिलो चरणमा ४० मेगावाट जाने

काठमाण्डु । नेपालको बिजुली बङ्गलादेश निर्यातका लागि आवश्यक बहुपक्षीय सहमति भएको छ । सरकारी अधिकारीका अनुसार नेपालले त्यसलाई प्रारम्भिक सहमति भनेर अर्थ्याएको छ । नेपाल, भारत र बङ्गलादेशबीच बिजुली निर्यातका लागि आवश्यक सहमति भएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जानकारी दिएको छ । प्रारम्भिक चरणमा बङ्गलादेशले नेपालबाट ४० मेगावाट बराबरको बिजुली लैजाने जनाएको छ ।




हाललाई ४० मेगावाट धेरै नभए पनि नेपालको बिजुली तेस्रो देश निर्यात गर्ने विषय भने महत्वपूर्ण रहेको यस क्षेत्रका जानकारहरुको भनाइ छ । नेपाल विद्युत् प्राधिकरणले भारतीय नोडल एजेन्सी एनभीभिएन बङ्गलादेश निर्यातका लागि सहमति गरिसकेको छ। सोही संस्थामार्फत नेपालको बिजुली बङ्गलादेश पुग्नेछ । बिजुली निर्यातका लागि आवश्यक सहमति भएको र केही विषय बाँकी रहेपनि त्यसलाई छिट्टै टुङ्गोमा पुऱ्याइने प्राधिकरणका प्रबल अधिकारीले जानकारी दिनुभयो ।

इमेल आदानप्रदान गरेर एकापसमा सहमति जनाइएको र त्यसलाई भौतिक उपस्थितिमा नै दुई देशका अधिकारीले हस्ताक्षर गर्ने सहमति भएको छ। कुन आयोजनाको बिजुली बङ्गलादेश पठाउने, प्रतियुनिट कति मूल्य लिने र प्रसारण शुल्कबापत भारतीय कम्पनीलाई के कति भुक्तानी गर्ने भन्ने विषयमा सहमति हुनबाँकी छ । यसलाई निष्कर्षमा पुऱ्याउन धेरै समय नलाग्ने यसमा संलग्न पदाधिकारीको भनाइ छ। स्वतन्त्र ऊर्जा उतपादकको संस्था नेपाल (इपान)का अध्यक्ष गणेश कार्कीका अनुसार तत्कालका लागि कति मात्रामा बङ्गलादेश बिजुली पठाउन लागियो भन्ने भन्दा पनि बाटो खुल्यो भन्ने विषय महत्वपूर्ण हो ।

यसले नेपालको बिजुली तेस्रो देश पनि निर्यात हुन थाल्यो भन्ने सन्देश प्रवाह हुने र लगानी भित्र्याउन सहज हुने उहाँको भनाइ छ । अध्यक्ष कार्कीले निजी क्षेत्रलाई पनि बिजुली निर्यातका लागि अनुमति दिन आग्रह गर्नुभयो । “हामीले अनुमति पाएको खण्डमा भारत र बङ्गलादेशका निजी क्षेत्रसँग छलफल गरेर थप निर्यातका लागि मार्ग प्रशस्त गर्न सक्छौँ” उहाँले भन्नुभयो “यसमा सरकार र निजी क्षेत्र दुवैको साझा प्रयास हुनु जरुरी छ। हामी त्यसका लागि तयार छौँ।”

सन् २०४० सम्म बङ्गलादेशले नेपालबाट नौ हजार मेगावाट बिजुली लैजाने आफ्नो रणनीतिक योजनामा समावेश गरेको छ। हाल भारतले बङ्गलादेशलाई बिजुली निर्यात गरिरहेको छ । स्वच्छ ऊर्जाको खोजीमा रहेको बङ्गलादेशले नेपालका केही महत्वपूर्ण आयोजनामा लगानीका लागि चासोसमेत व्यक्त गरेको छ। गत जेठ २ मा बङ्गलादेशमा सम्पन्न नेपाल बङ्गलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको पाँचौँ बैठकले बिजुली निर्यातको निर्णय गरेको थियो । सो बैठकले अन्तरदेशीय प्रसारण लाइनको निर्माण तथा व्यवस्थापन गर्ने, सुनकोशी तेस्रो जलविद्युत् आयोजनाको निर्माण र विकास गर्ने तथा अन्तरदेशीय विद्युत् आयात निर्यात गर्नेलगायतका विषयमा गम्भीर छलफल भएको थियो।

सोही बैठकले ४० मेगावाट बिजुली निर्यातका लागि नेपाल विद्युत् प्राधिकरण, एनटिपीसी विद्युत् व्यापार निगम, भारत र बङ्गलादेशबीच पावर डेभलपमेन्ट बोर्डबीच विद्युत् बिक्री सम्झौतामा यथाशीघ्र हस्ताक्षर गर्ने सहमति भएको थियो । सोही सहमतिअनुसार त्रिपक्षीय सम्झौता भएको हो। नेपालबाट खरिद गर्ने बिजुलीको खरिद दरका विषयमा आवश्यक निर्णय गर्न एक समिति आवश्यकपर्ने बङ्गलादेशको नियम रहेको छ । सो समितिमा रहने सदस्यको नाम समेत प्रस्ताव भइसकेको बङ्गलादेशले जानकारी गराइसकेको छ।

नेपालका तर्फबाट यही भदौको दोस्रो सातासम्म आवश्यक सबै प्रक्रिया टुङ्गो लगाउन प्रस्ताव गरिएको छ। सबै प्रक्रिया मिलाएर निर्यात सुरु गरी हाल्ने योजना तय गरिएको छ। “वर्षायामको बिजुली नै ‘टोकन’का रुपमा पठाउन लागिएको हो । हिउँद लागेपछि त्यसको कुनै सम्भावना नै रहन्न । सोही भएर हामीले आवश्यक तयारी छिटोछिटो गरिरहेका छौँ” यस प्रक्रियामा सहभागी ऊर्जा मन्त्रालयका एक सहसचिवले भन्नुभयो “दुई देशका ऊर्जा सचिवस्तरीय बैठकले गरेको निर्णय क्रमशः कार्यान्वयनको चरणमा प्रवेश गरेको छ।”

नेपाल र भारतका ऊर्जा सचिवबीच गत फागुनमा सम्पन्न १०औँ बैठकमा बङ्गलादेश बिजुली निर्यातका लागि आवश्यक सहमति भएको थियो। तत्कालका लागि ५० मेगावाट बिजुली निर्यातका लागि भारतीय प्रसारण प्रणाली प्रयोग गर्न दिन भारतीय पक्ष सहमत भएको थियो। प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ को पछिल्लो भारत भ्रमणमा समेत यस विषयमा महत्वपूर्ण सहमति भएको छ। आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली आयात गर्नेदेखि नेपालको बिजुली बङ्गलादेश निर्यातका लागिसमेत भारत सहमत भएको थियो।

कूल छ सय ८३ मेगावाट क्षमताको सुनकोशी तेस्रो आयोजना निर्माणका लागि आवश्यक पूर्वतयारीको काम समेत भइरहेको छ । गत जेठमा सम्पन्न नेपाल र बङ्गलादेशका ऊर्जा सचिवस्तरीय बैठकले छ महिनाभित्र आयोजना विकासका लागि संयुक्त उपक्रम तयार पार्ने सहमति भएको थियो । बङ्गलादेशले माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको पाँच सय मेगावाट बिजुली खरिद गर्ने तयारी गरेको छ। यद्यपि, सो आयोजनाको प्रवर्द्धक ग्रान्धी माल्लिकाजुर्न राव (जिएमआर)ले वित्तीय व्यवसथापन गर्न नसक्दा अगाडि बढ्नसकेको छैन।

लगानी बोर्डको प्रस्तावमा सरकारले आयोजनाको म्याद अन्तिम पटक दुई वर्षका लागि थप गरेपनि हालसम्म कुनै प्रगति हुनसकेको छैन। नेपाल र बङ्गलादेशबीच भारतीय भूमि प्रयोग गरेर ‘डेडिकेटेड’ रुपमा उच्च क्षमताको प्रसारण लाइन निर्माण गर्ने विषयमासमेत सहमति भएको छ। नेपालको प्राधिकरण र बङ्गलादेशको बङ्गलादेश पावर डेभलपमेन्ट बोर्डबीच सहमति गरेर छिट्टै बिजुली निर्यातका लागि आवश्यक निर्णय गर्ने तयारी गरिएको छ। रासस

# छुट्टै वित्तीय सहकारी ऐन ल्याउन माग

काठमाण्डु । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लिमिटेड (नेफ्स्कुन)ले छुट्टै वित्तीय सहकारी ऐन ल्याउन माग गरेको छ। नेफ्स्कुन को ३६औँ स्थापना दिवसका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा सो संस्थाले सहकारी क्षेत्रलाई थप व्यवस्थित बनाउनका लागि छिटो ऐन ल्याउन सो माग गरेको हो ।




नेफ्स्कुनका अध्यक्ष परितोष पौड्यालले वित्तीय सहकारी ल्याउने विषयमा पटक-पटक पहल भए पनि ल्याउन नसक्दा सरकारी क्षेत्रमा समस्या भएको बताउनुभयो। वित्तीय सहकारी अभियानको अबको यात्रा सुशासन र सुरक्षा भएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, “सहकारी क्षेत्रमा अग्रसर सबैले आ-आफ्नो सहकारी संस्था, सहकारी सिद्धान्त र मूल्य मान्यतालाई आत्मसाथ गरी स्वनियमनमा रही सञ्चालन गर्नुपर्दछ।”

उहाँले ढिलै भए पनि नेपालको सहकारी क्षेत्रमा स्थिरीकरण कोषको अवधारणाले मूर्तरुप लिएको बताउनुभयो। नेपालको नयाँ सहकारी ऐन, २०७४ मा स्थिरीकरण कोषसमबन्धी व्यवस्था गरिएको छ। नेपालको संविधान, २०७२ को धारा ५० उपधारा (३) मा “शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ” भनि उल्लेख गरिएको छ।

सो अवसरमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीले वित्तीय सहकारी अभियानलाई सार्थक बनाउँदै थप उचाइमा पुऱ्याउनका लागि सो क्षेत्रका सरोकारवाला व्यक्ति नै सक्रिय हुनुपर्नेमा जोड दिनुभयो। राष्ट्रिय सहकारी महासङ्घका निवर्तमान अध्यक्ष केशवप्रसाद बडालले सहकारीको विश्व सञ्जाल र नेपालको सहकारी अभियानलाई समन्वय गरी अगाडि बढ्नुपर्ने बताउनुभयो। रासस

# विद्युतीय स्कुटर ‘एनआइयू (न्यू)’ खरिद गर्दा सहुलियत कर्जा पाइने

काठमाण्डु । पछिल्लो समय सहरी क्षेत्रका उपभोक्ता विद्युतीय स्कुटरप्रति थप आकर्षित हुन थालेका छन् । विद्युतीय स्कुटरमा जडान भएका उच्च क्षमताका ‘मोटर पावर’ले उकालोमा समेत सहज यात्रा, रेञ्ज (गति) उच्च, गुणस्तरीय एवं विश्वासनीय उत्पादक कम्पनीका स्कुटर तथा बैंकिङ क्षेत्रले लगानी गर्न थालेसँगै विशेष गरी युवापुस्ता लागि यस्ता स्कुटर रोजाइमा पर्न थालेको हो । पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधनलाई कम गर्दै विद्युतीय सवारीसाधन प्रयोग बढाउँदै तथा प्रवर्द्धन गर्दै जाने सरकारको नीतिसमेत रहेको छ ।

यसैबीच नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले विद्युतीय स्कुटरलाई उच्च प्रवर्द्धन गर्न सुरुआत गरेको छ ।रासस

# कागती खेतीप्रति कृषकको आकर्षण

ढोरपाटन । पछिल्लो समय दिनप्रति दिन युवा शिक्षा तथा रोजगारीका लागि विदेशी जान थालेपछि गाउँ सुनसान बन्दैछन् । सुनसान गाउँका खेतीयोग्य जमिनमा वनमारा पलाउन थालेका छन्। गाउँमा भएका बालबालिका पढ्नका लागि बजार आउन थालेका छन्। अहिले धेरैको रोजाइ विदेश र सहर/बजार पर्न थालेको छ । बागलुङको निसीखोला गाउँपालिका-५ कारिगाउँका धर्मराज पोखरेलले भने गाउँमा कृषि कर्मबाट मनग्य आम्दानी गरिरहनुभएको छ।

पोखरेल पनि १२ वर्ष अगाडिसम्म विदेशमै हुनुहुन्थ्यो। पच्चीस वर्ष भारत र दुई वर्ष कतारमा पसिना बगाउनुभएका उहाँले १० वर्षदेखि व्यावसायिक कृषि कर्ममा लाग्नुभएको छ । पोखरेल बिहान उठेदेखि राति नसुतुन्जेलसम्म बारीमै काम गनुहुन्छ। उहाँको बारीमा कागती, सुन्तला, टिमुर लटरम्म फलेका देखिन्छन् । अहिले तीन सय बोट कागती, झन्डै एक सय सुन्तला र २५ टिमुरका बाट रहेका पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार सबै बोटमा फल लागेका छन्। “कागती खेतीलाई विशेष प्राथमिकतामा राखेको छु।

कागतीसँगै सुन्तला र टिमुर उत्पादन राम्रै भइरहेको छ”, पोखरेलले भन्नुभयो, “बोटबाटै रू एक सयमा कागती बिक्री हुन्छ ।” उहाँले कागतीको माग पहिलेको तुलनामा अहिले बढ्केको भन्दै यहाँ उत्पादित कागती स्थानीय बजारका साथै बुटवलसम्म जाने गरेको बताउनुभयो। रासस

## भुमि सुधार तथा मालपोत कार्यालय गौर रौतहट

### हकदावी बारे ३५ दिने सुचना

तपसिलको जग्गाको मोही सुकराम दास तत्मा बेपते रहेकोले मोही लगत कटटा गरी पाउ भनी ज.ध. तर्फवाट निवेदन पर्न आएकोले कार्यवाहीको क्रममा ३५ दिने सुचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भइ मोही लगत कटटा हुनु नपर्ने भए सुचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण सहित लिखित हकदावी गर्न आउनुहोला वा रीतपुर्वक वारेस कानुन व्यवसायी पठाउनुहोला अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा यसै सुचनाबाट सुचित गरिन्छ।

**तपसिल**

| ज.ध. | जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | मोही. |
|---|---|---|---|---|---|---|
| मरनी देवी | रौतहट | रमौली बैरिया | ८ | १४२।१६ | ०-०-१० | सुकराम दास तत्मा |

## भुमि सुधार तथा मालपोत कार्यालय गौर रौतहट

### हकदावी बारे ३५ दिने सुचना

तपसिलको जग्गाको मोही राधा पाण्डे मरुवा रहेकोले मोही लगत कटटा गरी पाउ भनी ज.ध. तर्फवाट निवेदन पर्न आएकोले कार्यवाहीको क्रममा ३५ दिने सुचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भइ मोही लगत कटटा हुनु नपर्ने भए सुचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण सहित लिखित हकदावी गर्न आउनुहोला वा रीतपुर्वक वारेस कानुन व्यवसायी पठाउनुहोला अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा यसै सुचनाबाट सुचित गरिन्छ।

**तपसिल**

| ज.ध. | जिल्ला | गाविस | वडा नं. | कि.न. | क्षे.फ. | मोही. |
|---|---|---|---|---|---|---|
| तारा देवी | रौतहट | सवगढा | ७ | ११ को फोड ९४५ | ०-१-० | राधा पाण्डे सिसवा विर्ता ८ |

## श्री धनुषा जिल्ला अदालतबाट जारी भएको

### मानिस बेपत्ता सम्बन्धी १५ (पन्द्र) दिने सूचना

**दायरी फाँट (निवेदन नं. ०७९-०१-०००५)**

धनुषा जिल्ला जनकपुरधाम उ.म.न.पा वडा नं. १३ हाल जिल्ला धनुषा लक्ष्मिनिया गाउँपालिका वडा नं.४ सपहीमा बस्ने लट्टा साहको बुहारी बद्री साहको श्रीमती वर्ष ४८ की सोना देवी (मो.नं. ९८१४८४३७५९) ले तपसिलका व्यक्ति बेपता भएकोले मृत्युको न्यायिक घोषणा गरि पाउँ भनि यस अदालत समक्ष दिनु भएको निवेदन (निवेदन नं. ०७९-०१-०००५) मा मिति २०८०-०३-११ गते भएको आदेशानुसार सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ। निज तपसिलका व्यक्तिको मृत्यु नभई जिवितै रहेको/वेपता नभएको भए सो सम्बन्धमा सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र सम्बन्धीत सरोकारवाला सर्वसाधारण जो कसैले पनि आफ्नो भएको ब्होरा खुलाई यस अदालतमा लिखित उजुरी दिन/जानकारी गराउन हुन अनुरोध गरिन्छ। सो सम्बन्धमा सूचनाको म्याद भित्र कुनै उजुर/जानकारी प्राप्त नभएमा कानून बमोजिम हुनेछ।

**तपसिल**

१. धनुषा जिल्ला जनकपुरधाम उ.म.न.पा. वडा नं. १३ हाल जिल्ला धनुषा लक्ष्मिनिया गाउँपालिका वडा नं.४ सपहीमा बस्ने स्व. राजेन्द्र साह को नाति स्व. लट्टा साहको छोरा अ. वर्ष ४८ को बद्री साह.........१

# नयाँ सदस्यको लागि परीक्षा लिइने

**रौतहट शाखाले नया सदस्यको छनोटको लागि भदौ ८ गते लिखित र मौखिक परीक्षाको सूचना जारी गरेको शाखाका सचिव मदन ठाकुरले बताए ।**

**राकेश यादव**

गौर । नेपाल पत्रकार महासंघ रौतहट शाखाले नया सदस्यता प्रदान गर्नको लागि परीक्षा लिने भएको छ ।

नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयले नया सदस्यताको लागि सूचना आह्वान गर्न दिएको समय सीमामा रौतहट शाखाले सूचना आह्वान गर्दा दरखास्त दिएका संचारकर्मीको लागि लिखित र मौखिक परीक्षा लिने समय निर्धारण गरेको छ ।

नेपाल पत्रकार महासंघ रौतहट शाखाले कार्यसमितिको बहुमत विना निर्णयको ७ जना नया सदस्यको लागि तथा ३० जनाको नवीकरणको लागि प्रदेश समितिमा गरेको सिफारिसप्रति विबाद उत्पन्न भएपछि रौतहट शाखाले नया सदस्यको छनोटको लागि भदौ ८ गते लिखित र मौखिक परीक्षाको सूचना जारी गरेको शाखाका सचिव मदन ठाकुरले बताए ।

जारी गरिएको सूचनामा जिल्ला शाखाबाट अनुमोदन नभइकन पठाइएको सिफारिस प्रदेश कार्य समितिले कार्यान्वियन नगर्ने भएपछि नया सदस्यता ,नवीकरण ,मानार्थ सदस्यको लागि वरिष्ठ पत्रकार प्रभात कुमार झाको नेतृत्वमा ५ सदस्यीय कार्यदल गठन गरिएको उल्लेख गरिएको छ ।

कार्य दलको सदस्यमा रौतहट शाखाका सल्लाहकार रवीन्द्र प्रसाद साह , संजय कार्की प्रेस चौतरीको मधेश प्रदेश महासचिव गौतम श्रेष्ठ , प्रेस मंच नेपालका जिल्ला अध्यक्ष किशोरी यादव रहेको छ ।

# प्रतिबद्ध हुन सह–महामन्त्री यादवको आग्रह

**अनिल तिवारी**

बीरगञ्ज । नेपाली कांग्रेसका सह-महामन्त्री महेन्द्र यादवले कांग्रेसीजनलाई पार्टी प्रति प्रतिबद्ध हुन आग्रह गरेका छन् । खास गरी निर्वाचनको समयमा पार्टी भित्र हुने आन्तर्घातका कारण पार्टी प्रति दिन प्रतिदिन जनताको विश्वास खस्कीदै गएका कारण नेताहरुलाई पार्टी प्रतिप्रतिवद्ध हुन आग्रह गरे ।



नेपाली कांग्रेस पर्सा निर्वाचन क्षेत्र नं २ को प्रथम क्षेत्रीय समेलनलाई सम्वोधन गर्दै सह-महामन्त्री यादवले मधेश नेपाली कांग्रेसको राजनीतिक विर्ता रहेपनि अन्तर्घातकै कारण पार्टी दिनप्रतिदिन कमजोर हुँदै गएको बताए । उनले पर्सा जिल्लाका नेता तथा धनुषा जिल्लाका नेता बीच घनिष्ठ सम्बन्ध रहेको बताए । नेपाली कांग्रेसको हरेक प्रजातान्त्रिक लडाइमा पर्सा जिल्लाका नेता तथा धनुषा जिल्लाका नेता अग्रसरता रहेर लडेको स्मरण गरेका थिए । ३५ वर्ष पहिला देखि पर्सा जिल्लाका नेताहरु सगं भावनात्मक सम्बन्ध रहेको बताउँदै उनले अबको चुनावमा अन्तर्घात नगर्न सम्पूर्ण नेपाली कांग्रेसका नेतालाई प्रतिवद्ध हुन आग्रह गरे ।

सो कार्यक्रममा नेपाली कांग्रेस पर्साका जिल्ला सचिव तथा बीरगञ्ज महानगरपालिकाका उप-मेयर इम्तियाज आलमले पार्टीको निर्णय अध्यक्ष शेर बहादुर देउवाले मात्र लिने गरेको प्रति असन्तुष्टि व्यक्त गरेका थिए । उनले केन्द्रिय निर्णयहरु सम्पूर्ण केन्द्रिय समितिले लिनुपर्ने विचार व्यक्त गरेका थिए । स्थानीय चुनावमा नेपाली कांग्रेसले गरेको गठबन्धन आफू नेपाली कांग्रेस पार्टीले दिएको आदेशको रुपमा लिएको बताए । स्थानीय चुनावमा बीरगञ्ज महानगपालिका मेयर र उप-मेयरको मतपत्र मा १० हजारले फरक आउनु गठबन्धनमा धोका भएको बताए ।

कार्यक्रममा पर्सा क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य अजय चौरसियाले वीरगञ्जस्थित नारायणी अस्पतालमा बिरामीको शल्यक्रिया (अप्रेसन) पनि निःशुल्क गराउने घोषणा गरेका छन् ।

वीरगञ्जमा बिहीबार आयोजित नेपाली काङ्ग्रेस क्षेत्र नम्बर २ को क्षेत्रीय सम्मेलनलाई सम्बोधन गर्दै काङ्ग्रेसको केन्द्रीय सदस्यसमेत रहेका चौरसियाले यस्तो घोषणा गरेका छन् ।

सांसद चौरसियाले नारायणी अस्पतालमा उपचारका लागि आउने पर्सा जिल्लाको बिरामीको शल्यक्रियासमेत निःशुल्क गराउनका लागि आफू लागिरहेको बताए ।

उनले भने, 'यसका लागि मैले स्वास्थ्य मन्त्रीसँग कुरा गरिसकेको छु । यदि स्वास्थ्य मन्त्रालयले मानेनन् भने म आफ्नो संसदीय विकास कोषबाट एकदेखि डेढ करोड रुपैयाँ नारायणी अस्पताललाई दिन्छु ।'

सांसद चौरसियाले पर्साको विन्दवासिनीमा वृद्धा आश्रम र अनाथ बालबालिकाको लागि सुविधा सम्पन्न विद्यालय निर्माणका लागि पनि आफूले प्रक्रिया थालिसकेको जानकारी गराए ।

यस्तै क्षेत्र नम्बर २ का दुई स्थानमा २५ शय्याको अस्पताल निर्माण गर्ने आफ्नो योजनाका बारेमा पनि उनले सुनाए ।

पर्सा जिल्ला र समग्र मधेसका जनताको समस्याका बारेमा आफूले संसद् मार्फत पटक-पटक आवाज उठाउँदै आएको पनि उनले बताए ।

एक फरक प्रसङ्गमा बोल्दै चौरसियाले वर्तमान सरकार काङ्ग्रेसलाई बदनाम र कमजोर बनाउने षडयन्त्र गरिरहेको आरोप लगाए ।

भ्रष्टाचारको फाइल खोल्ने बहनामा सरकारले काङ्ग्रेसका नेताहरूलाई छानिछानी झुटा मुद्दा लगाएर थुन्ने काम गरिरहेको उनको भनाइ थियो ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न नै नरहेका काङ्ग्रेसका नेता एवम् पूर्व गृहमन्त्री बालकृष्ण खाँणलाई झुटा आरोप लगाएर सरकारले फसाइएको उनले बताए ।

कांग्रेसका क्षेत्रीय सभापति मोहम्मद शाहाबुद्धीनको अध्यक्षता र कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवको प्रमुख आतिथ्ययतामा भएको सम्मेलनलाई मधेश सरकार पूर्व मन्त्री ओमप्रकाश शर्मा, काङ्ग्रेसका जिल्ला सभापति एवम् प्रदेशसभा सदस्य जनार्दनसिंह क्षेत्री, प्रदेशसभा सदस्य श्याम पटेल, कांग्रेस पर्साका उपसभापति रामनारायण कुर्मी, वीरगञ्ज महानगरपालिकाका उपमेयर इम्तियाज आलमलगायतका नेताले आ-आफ्नो मन्तव्य राखेका थिए ।

# चार्जिङ्ग स्टेशनको काम अन्तिम चरणमा

**टुडे समाचारदाता**

चन्द्रनिगाहपुर । रौतहटको चन्द्रपुर नगरपालिका वडा नं-२ मा निर्माणधिन विद्युतीय सवारी चार्जिङ्ग स्टेशनको काम अन्तिम चरणमा पुगेको छ ।



पुर्व-पश्चिम लोकमार्गसँगै चाँदी नदिको नजिकै पूर्वतर्फको सार्वजनिक जग्गामा विद्युतीय सवारी चार्जिङ स्टेशन निर्माण कार्य ९० प्रतिशत कार्य सम्पन्न भएको चन्द्रपुर नगरपालिकाले जनाएको छ ।

संरचनाका सवै काम सकिएको र वर्षातका कारण पर्खाल तथा ईन्टर ब्लक गर्ने कार्य बाँकी रहेको र यो पनि चाँडै नै सम्पन्न गरी यस विद्युतीय सवारी चार्जिङ्ग स्टेशन नगरपालिकालाई हस्तान्तरण गरिने जनाइएको छ । चार्जिङ्ग स्टेशनको लक्ष्य अनुसार नै निर्माण कार्य द्रुत गतिमा अघि बढाइएको छ ।

मधेश प्रदेशको नवप्रवर्द्धन साझेदारी कोष र चन्द्रपुर नगरपालिकाको संयुक्त लगानीमा विद्युतीय चार्जिङ्ग सेन्टर निर्माण कार्य गत वर्षको भदौ पहिलो सातादेखि सुरु भएको थियो ।

यस विद्युतीय सवारी चार्जिङ स्टेशनको कुल लागत दुई करोड ७४ लाख रुपैयाँ रहेको छ । एनके थापा कन्स्ट्रक्सन, काठमाण्डुले निर्माण ठेक्का पाएको छ । सम्झौता बमोजिम समयमै यसको निर्माण सम्पन्न गर्ने लक्ष्य पूरा हुने देखिन्छ ।

आउँदो साउन १५ गतेसम्म निर्माण सम्पन्न गरिसक्नुपर्ने लक्ष्य राखिएको थियो । यस आधुनिक सुविधायुक्त चार्जिङ्ग सेन्टरमा कम्पाउण्डवाल, आधुनिक विद्युतीय गाडी चार्ज हुने, प्रतिक्षालय, बालबालिकाको लागि खेल्ने स्थान, शौचालय लगायतका पूर्वाधार रहने चन्द्रपुर नगरपालिकाका ईन्जिनियर महेश बोहोराले बताए । उनका अनुसार,विद्युतीय चार्जिङ्ग सेन्टर निर्माण भएपछि साना-ठूला सबै सवारीसाधनको चार्ज गर्न मिल्दछ भने नेपालमा उपलब्ध रहेका सवारी साधनको क्षमता अनुसार एकदेखि डेढ घण्टासम्ममा पूर्ण चार्ज भइ गुडाउने मिल्ने छ ।

विद्युतीय चार्जिङ्ग सेन्टरमा एक सेटमा दुईवटा गाडी एक साथ चार्ज हुने, ई-रिक्साको लागि छ वटा चार्जिङ्ग प्वाईन्ट र दुई पांग्रे विद्युतीय सवारीसाधनका लागि पाँचवटा चार्जिङ्ग प्वाईन्ट राखिने छ ।

स्वेदेशमै उत्पादित विद्युतको आन्तरिकरूपमा खपत बढाउन र पेट्रोलियम पदार्थको खपत कम गरी आयात घटाउन विद्युतीय चाजिङ्ग सेन्टरले सघाउन पुऱ्याउने चन्द्रपुर नगरपालिकाका प्रमुख संजय काफ्लेले बताए ।

उनले भने, विद्युतीय सवारी साधनको माग बढिरहेको बेला चार्जिङ्ग सेन्टरले सवारी धनीलाई लाभ पुग्ने छ । विद्युतीय सवार ीसाधन प्रयोग मार्फत वातावरणमैत्री यातायात प्रणालीको विकास हुनेछ ।

चार्जिङ्ग सेन्टर निर्माण भएपछि विद्युतीय सबारी साधनको माग बढ्ने छ । विद्युतीय चार्जिङ्ग स्टेशनले चन्द्रपुर नगर क्षेत्रभित्रका विद्युतीय गाडी र यस क्षेत्रको राजमार्ग हुँदै चल्ने सवारीसाधनका लागि सहयोग पुग्ने विश्वास गरिएको छ ।

# सर्पले डसेर वृद्धाको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दी नगरपालिका-१०, तुलसी टोलमा सर्पले डसेर एक वृद्धाको मृत्यु भएको छ ।

स्थानीय ७४ वर्षीया इन्द्रमाया श्रेष्ठको विषालु सर्पको टोकाइबाट मृत्यु भएको छ ।

उनलाई राति घरमा सुतेकै ठाउँ गोमन सर्पले डसेको स्थानीयले बताएका छन् ।

श्रेष्ठलाई राति १ बजेतिर सर्पले डसेपछि उपचारका लागि लालबन्दी १ स्थित नवलपुर सर्पदंश उपचार केन्द्रमा पुर्याँउदा चिकित्सकले मृत घोषणा गरेको स्थानीय गणेश श्रेष्ठले जानकारी दिए ।

सर्लाहीमा यो वर्ष विषालु सर्पले डसेर तीन जनाको मृत्यु भइसकेको छ ।

यसअघि चन्द्रनगर गाउँपालिकाको मोहनपुरका एक बालक र बागमती नगरपालिकाको बसनियाँमा अर्को एक बालकको विषालु सर्पले डसेर मृत्यु भएको थियो ।

गर्मीयाममा विषालु सर्पको बिगबिगी हुने भएकाले घर छेउछाउ सरसफाई गर्न, राति बाहिर निस्कँदा बत्ती बालेर मात्रै हिँड्न, सुत्ने समयमा ओछ्यान राम्रोसँग हेर्न र झुलको प्रयोग गर्न स्वास्थ्यकर्मीले आग्रह गरेका छन् ।

# स्थानीयद्वारा सडकको मर्मतसम्भार गर्न माग

**मनोज माझी**

राजविराज । राजविराज-हनुमाननगर सडक मर्मत सभार गर्न स्थानीयहरुले माग गरेका छन् । करिव २ वर्ष पहिला जीर्ण बनेको सडक निर्माण तिर कुनै सरकारले तादरुकता नदेखाएपछि स्थानीयहरुलाई सास्ती खेप्नु परेको छ ।



राजविराज र हनुमाननगर जोड्ने उक्त १२ किलो मिटर सडकको ठाउँ ठाउँमा गरी झण्डै ४ किलो मिटर अति जीर्ण अवस्थामा रहेको छ ।

सडकमा परेका खाल्डाले साना ठूला सवारी साधन आवत जावतमा सकस हुने गरेको छ । हनुमाननगर र राजविराज जोड्ने सब भन्दा छोटो दूरीको एक मात्र सडक जीर्ण बन्दा विरामी, चालक तथा यात्रुले सास्ती खेप्नु परेको सर्वसाधारणको गुनासो छ ।

सडक जीर्ण बन्दा २० मिनेटको बाटो तय गर्न १ घण्टा लाग्ने गरेको माउण्ट सगरमाथा यातायात प्रा.लि राजविराजका सचिव पशुपती साह बताउँछन् ।

सडकको दर्जनौ स्थानमा खाल्डा परेकै कारण गाडीको पार्ट पुर्जा पनि छिट्टै विग्रने र जोखिमपूर्ण यात्राले यात्रु पनि हैरान हुने गरेको दिनेश बस सर्विसका संचालक दिनेश साहको कथन छ ।

दर्जनौ स्थानमा खाल्डा खुल्डी कै कारण आरामदायी सवारी साधान सो रुटमा चल्न छाडेको संयुक्त बुकिङ्ग काउन्टरका इन्चार्ज दिनेश गुप्ताको भनाइ छ ।

सडक अति जीर्ण भएकाले आपतकालीन अवस्थामा रहेका बिरामीलाई उक्त सडक मार्गबाट विराटनगर र धरानका अस्पताल पुऱ्याउन निकै सास्ती हुने गरेको एम्बुलेन्स चालक प्रेम राइले बताए ।

"समय मै पुऱ्याउन नसक्दा बिरामीको ज्यान जोखिममा पर्ने गरेको छ उनले भने-अक्सिजन लगाएर राखिएका बिरामीलाई त यो बाटो हुँदै लैजान झन अप्ठ्यारो हुने गरेको छ ।"

सडकमा अत्यधिक खाल्डा खुल्डी परेकै कारण २ घण्टामा विराटनगर र धरान पुग्ने सवारी साधन मुस्किलले ३ घण्टा सम्ममा पुग्ने गरेको अर्का एम्बुलेन्स चालक घनश्याम यादवले सुनाए ।

"सडक अति जीर्ण भएका कारण एम्बुलेन्स धेरै हल्लिने भएकाले बिरामीलाई असहज नहोस भनेर विस्तारै चलाउनु पर्छ, उनले भने ।" जीर्ण सडकले चालक, यात्रु तथा बिरामीलाई निम्त्याएको सास्ती अन्त गर्न अविलम्ब उक्त सडकखण्डको मर्मतसम्भार गर्न स्थानीयले माग गरेका छ ।

हनुमाननगर सप्तरीको पुरानो सदरमुकाम हो भने राजविराज नयाँ सदरमुकाम । वि.स.१९९७ मा सप्तरीको पुरानो सदरमुकाम हनुमाननगरलाई सप्तकोशी नदीले कटान गर्न थालेपछि नयाँ सदरमुकाम राजविराज बनेको छ ।

# सडक डिभिजनका लेखा अधिकृत विरुद्ध भ्रष्टाचार मुद्दा दायर




**टुडे समाचारदाता**

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सडक डिभिजन लहान, सिरहाका लेखा अधिकृत पदम विनोद पोखरेल विरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

पोखरेलले सडक निर्माण कार्यको अन्तिम बिल भुक्तानी दिने प्रयोजनार्थ सेवाग्राहीसँग घुसमाग गरिरहेको सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासबाट खटेको टोलीले उनलाई सेवाग्राहीबाट रु १ लाख लिइसकेको अवस्थामा असार २६ गते नियन्त्रणमा लिएको थियो । अनुसन्धानको क्रममा पोखरेलले सडकको निर्माण कार्य सम्पन्न पश्चात अन्तिम बिल भुक्तानी गर्ने क्रममा सेवाग्राहीसँग रु १ लाख घुस माग गरी लिएको पुष्टि भएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो १ लाख कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) देहाय (ग) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजायसमेत हुन मागदावी लिई विशेष अदालतमा आरोपपत्र दायर गरिएको आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिए ।

# डेंगुको बिरामी बढ्दै

**टुडे समाचारदाता**

राजविराज । देशभर डेंगु रोगका बिरामी बढ्दै गएका बेला सप्तरीको कञ्चनपुर नगर अस्पतालमा एक महिना यता डेंगुका १३ जना बिरामी उपचारका लागि भर्ना भएका छन् ।

कञ्चनपुर नगर अस्पतालका सह-इन्चार्ज डम्बर गुप्ताका अनुसार उपचारका लागि एक महिना यता आएका बिरामी मध्ये परीक्षणका क्रममा १३ जनामा डेंगु रोगको संक्रमण पुष्टि भएको छ ।



उनका अनुसार यसरी संक्रमित देखिएका मध्ये ११ जना कञ्चनरुप नगरपालिकाकै छन् । यस्तै,सप्तकोशी र हनुमाननगर कंकालिनी नगरपालिकामा १/१ जनामा डेंगुको संक्रमण देखिएको छ । संक्रमित १३ जना मध्ये ६ जना उपचार पश्चात् बुधबारसम्म घर फर्किएको र सात जना अझै उपचारकै क्रममा रहेको उनको भनाइ छ ।


डेंगु रोगबाट संक्रमित हुनेमा कञ्चनरुप वडा नं. ९ का वडा अध्यक्ष रामसुन्दर यादवसहित ४ जना पुरुष, वडा नं. १० का एक जना पुरुष, वडा नं. १२ का दुई महिला, वडा नं. ७ का एक वर्षीय बालक, वडा नं. ६ का एक पुरुष, वडा नं. ४ र ५ का एक/एक महिला छन् ।

डेंगुका बिरामी फेला पर्न थालेपछि स्वास्थ्य सर्तकता अपनाइएको तथा सो रोगबाट बच्न विभिन्न सचेतनामूलक प्रयासहरु थालिएको नगर अस्पतालले जनाएको छ ।

**आँखा पाक्ने रोगका लक्षण देखिएमा घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्ने ।
- सेक्दा आँखा बन्द गरेर वा सफा रुमालले सेक्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले राम्रोसंग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- बाहिर घाममा जाँदा कालो चस्मा लगाउने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदी दैनिक धुने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अरुलाई प्रयोग गर्न नदिने ।
- स्वास्थ्यकर्मीको सल्लाहविना जथाभावी औषधी प्रयोग नगर्ने ।
- दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८